# कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली
भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह,
एम. एड., द्वितीय वर्षको नेपा.शि. ५९८
पाठ्यांशको प्रयोजनका
लागि प्रस्तुत

शोधपत्र

संगिता देवी शर्मा
६-१-३७२-९६-२००४
२४०००३८/७४

नेपाली भाषा शिक्षा विभाग,
सप्तगण्डकी बहुमुखी क्याम्पस,
भरतपुर, चितवन
२०७८/२०२२

# प्रतिबद्धतापत्र

*कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन* शीर्षकको यस शोधपत्रमा उपयोग र प्रयोग गरिएका सन्दर्भ सामग्रीहरू जेजसरी सम्पादन गरिएको भए पनि ती सबैलाई गर्भे टिप्पणीका आधारमा पुष्टि गरिएको छ । मैले प्रस्तुत गरेका सबै विषयवस्तुहरू मौलिक छन् र यस शोधपत्रमा कुनै पनि अंश प्रतिलिपिगत, प्रकाशित र शोधप्रयोजनस्वरूप उपाधि लिन कुनै पनि विश्वविद्यालयमा प्रस्तुत गरिएको छैन भनी उद्घोष गर्दछु ।

मिति : २०७८/०९/११

सन् : २६/०१/२०२१

......................

संगिता देवी शर्मा

शोधार्थी

## शोधनिर्देशकको सिफारिसपत्र

*कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन* शीर्षकको यो शोधपत्र शोधार्थी संगिता देवी शर्माले मेरो निर्देशनमा पूर्ण लगाव र परिश्रमपूर्वक तयार पार्नु भएको हो । विषयगत गहनतालाई महत्त्व दिई तयार पारिएको यस शोधपत्रबाट म पूर्ण सन्तुष्ट छु । प्रस्तुत शोधपत्र शिक्षाशास्त्र सङ्काय, नेपाली विभागको नयाँ प्रारूपअनुसार तयार पारिएको छ । शोधार्थीले प्रस्तुत शोधपत्र त्रि.वि. शिक्षाशास्त्र सङ्कायद्वारा जारी गरिएको पछिल्लो नवीन प्रारूपअनुसार तयार पार्नुभएको छ । अतः आवश्यक मूल्याङ्कनका लागि सप्तगण्डकी क्याम्पस, नेपाली विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७८/०९/१७

सन् : ०१/०१/२०२२

......................

विन्दु पौडेल (वस्ती)

उपप्राध्यापक

सप्तगण्डकी बहुमुखी क्याम्पस

नेपाली विभाग

भरतपुर, चितवन

**कृतज्ञताज्ञापन**

प्रस्तुत *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन* शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअर्न्तगत दोस्रो वर्षको नेपा.शि. ५९८ अध्ययनपत्र पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको हो ।

यस शोधकार्य शोधनिर्देशक तथा विभागीय प्रमुख विन्दु पौडेल (वस्ती) को प्रत्यक्ष निर्देशनमा तयार पारिएको हो । आफ्नो व्यस्तताको बाबजुद पनि शोधलेखनको सम्बन्धमा आफ्नो अमूल्य समय र सुझावहरू दिनुभएकोमा उहाँप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु । प्रस्तुत शोधको उपयुक्त शोधशीर्षक छनोट तथा शोधप्रस्ताव स्वीकृत गरी शोधको अवसर प्रदान गर्नुहुने सप्तगण्डकी बहुमुखी क्याम्पसको नेपाली भाषा शिक्षा विभागअन्तर्गतका प्राध्यापक सरोज दवाडीप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

शोधपत्र तयार गर्ने क्रममा सैद्धान्तिक पुनरावलोकनका निम्ति श्री किसानी मा.वि. धारापानी, श्री हेम मा.वि., शिवाङ्ग, बुद्धिविकास मा.वि., भुमे आधारभूत विद्यालय, धनजनता मा.वि., दरबाङ्ग बोर्डिङ्ग स्कुल, केबि इङ्लिस बोर्डिङ्ग स्कुल, डनिङ इङ्लिस बोर्डिङ्ग स्कुल, तातोपानी इङ्लिस बोर्डिङ्ग स्कुल र म्याग्दी एकेडेमीका प्रधानाध्यापक एवम् विषय शिक्षकहरूलाई विनम्रपूर्वक नमन गर्दछु । शोधलेखनका क्रममा हेमाङ्गराज अधिकारी, देवीप्रसाद गौतम, टङ्कप्रसाद न्यौपाने, माधवप्रसाद पौडेल, योगन्द्रप्रसाद यादवका कृतिहरू एवम् रेशम शर्मा, कर्णबहादुर विष्ट, नरबहादुर रोकाय, हिक्मत रावल, दुर्गाकुमारी धिताल, इन्दिरा प्रधान, नारायणी खनाल, मायानाथ अधिकारी र निर्मला अधिकारीका शोधलेखहरूको सहयोग लिइएकाले उहाँहरूप्रति कृतज्ञता प्रकट गर्दै मलाई जन्म दिएर अनेकौं सङ्घर्षका साथ मेरो उज्ज्वल भविष्यको कामना गरी यो स्थानसम्म पुऱ्याउनुहुने मेरी ममतामयी आमा राधा पौडेल र बुबा माधव पौडेलप्रति हार्दिक आभार व्यक्त गर्दछु । मेरो हरेक दुःखसुखमा साथ दिँदै पढाइमा सदैव अग्रसर हुन प्रेरित गरी साथ दिने जीवनसाथी कुलराज आचार्यप्रति कृतज्ञ छु, साथै पुत्र कोशिष आचार्यले ज्ञानी भएर यस कार्यमा सघाउ पुऱ्याएकोमा प्रशन्नता प्रकट गर्दछु । प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा विभिन्न सल्लाह, सुझाव दिने साथीहरूप्रति पनि म कृतज्ञ रहेकी छु साथै सम्पादन कार्यमा सहयोग गर्नुहुने दाजु जीवन ढुङ्गानाप्रति विशेष कृतज्ञता आभार गर्दछु ।

अन्त्यमा, उचित मूल्याङ्कनका लागि सप्तगण्डकी क्याम्पस, नेपाली भाषा शिक्षा विभागमा पेस गर्दछु ।

मिति : २०७८/०९/११ ...................

सन् : २६/१२/२०२१ संगिता देवी शर्मा

शोधार्थी

## शोधसार

प्रस्तुत शोधपत्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको प्रायोगिक अध्ययनमा आधारित भएर तयार पारिएको हो । म्याग्दी जिल्लाको पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयमा कक्षा आठमा अध्ययनरत प्रति विद्यालयका दसजनाका दरले एक सय विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन गर्नु, लैङ्गिकताका आधारमा उनीहरूको वाक्यगठन क्षमताको तुलनात्मक स्थितिको अध्ययन गर्नु, विद्यालयको प्रकृतिको आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको स्थिति पत्ता लगाउनुलाई उद्देश्य बनाई प्रस्तुत शोधकार्य सम्पन्न गरिएको छ ।

समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन गर्दा अति उच्च अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या धेरै रहेकाले समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमता सबल रहेको देखिन्छ । मध्यमान र मानक विचलनका आधारमा उनीहरूको वाक्यगठन क्षमताको अध्ययन गर्दा मध्यमानभन्दा माथि र मध्यमानभन्दा तलको अन्तर चार प्रतिशत रहेकाले उनीहरूको वाक्यगठन क्षमता राम्रो रहेको देखिन्छ । लैङ्गिक आधारमा छात्रा विद्यार्थीमा राम्रो अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या धेरै रहेकाले समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमता सबल रहेको देखिन्छ । मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको वाक्यगठन क्षमता एकरूपता पाइएको छ भने छात्र विद्यार्थीहरूको वाक्यगठन क्षमता मध्यम रहेको देखिन्छ । मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको वाक्यगठन क्षमता सन्तोषजनक नै रहेको पाइएको छ । लैङ्गिक आधारमा समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन गर्दा मानक विचलनका आधारमा हेर्दा छात्र विद्यार्थीहरूको तुलनामा छात्राहरूको मानक विचलन कमी रहेको कारणले उनीहरूको वाक्यगठन क्षमतामा एकरूपता रहेको पाइन्छ । सामुदायिक विद्यालयका विद्यार्थीको वाक्यगठन क्षमताको प्रतिशताङ्क अध्ययन गर्दा उनीहरूको वाक्यगठन क्षमता राम्रो रहेको छ । मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमता मध्यमानभन्दा तल अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २३ अर्थात् ४६ प्रतिशत रहेको छ । यसबाट सामुदायिक विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमता सबल रहेको देखिन्छ । संस्थागत विद्यालयका विद्यार्थीको वाक्यगठन क्षमताको अध्ययन गर्दा सन्तोषजनक रहेको देखिन्छ । मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको

वाक्यगठन क्षमताको अध्ययन गर्दा सन्तोषजनक देखिएको छ । विद्यालयका प्रकृतिका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमतालाई हेदा संस्थागत विद्यालयका विद्यार्थीहरूको मानक विचलन र सामुदायिक विद्यालयका विद्यार्थीहरूको मानक विचलनको अन्तर ०.६९ रहेको छ । समग्र मानक विचलनभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको मानक विचलन ०.३१ ले बढी रहेको छ भने समग्र मानक विचलनभन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मानक विचलन ०.३८ ले कम देखिन्छ । यसबाट प्रष्ट हुन्छ कि संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमतामा एकरूपता तथा राम्रो भएको पाइएको छ ।

यसरी वाक्यगठनका विभिन्न पक्षहरूसँग सम्बन्धित विभिन्न प्रकारका प्रश्नहरूको आधारमा विश्लेषण गर्दा वाच्यमा विद्यार्थीहरूको वाक्यगठन क्षमता कमजोर रहेको देखियो भने वचनमा वाक्यगठन क्षमता राम्रो रहेको देखियो । त्यसैगरी काल, आदर, पुरुषमा वाक्यगठन क्षमता मध्यम रहेको देखियो । समग्र र मध्यमानका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमता विश्लेषण गर्दा मध्यम रहेको पाइयो ।

# सङ्क्षिप्त रूपसूची

| | | |
|---|---|---|
| उपप्रा. | : | उपप्राध्यापक |
| एस.एल.सी. | : | स्कुल लिभिङ सर्टिफिकेट |
| क्र.सं. | : | क्रम सङ्ख्या |
| गा.पा. | : | गाउँपालिका |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| ध.गा.पा. | : | धवलागिरी गाउँपालिका |
| न.पा. | : | नगरपालिका |
| नेपा.शि. | : | नेपाली शिक्षा |
| नं. | : | नम्बर |
| पृ. | : | पृष्ठ |
| प्र. | : | प्रतिशत |
| प्रा.लि. | : | प्राइभेट लिमिटेड |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| वि.सं. | : | विक्रम सम्वत् |
| सं. | : | सङ्ख्या |

# विषयसूची

| | पृष्ठ |
|---|---|
| *मुखपृष्ठ* | |
| *प्रतिबद्धतापत्र* | |
| *शोधनिर्देशकको सिफारिसपत्र* | |
| *स्वीकृतिपत्र* | |
| *कृतज्ञताज्ञापन* | |
| *शोधसार* | क |
| *सङ्क्षिप्त रूपसूची* | ग |
| *विषयसूची* | घ |
| *तालिकासूची* | छ |
| *स्तम्भचित्रसूची* | ज |
| *रेखाचित्रसूची* | झ |
| *चिन्हसूची* | ञ |
| **अध्याय एक** | |
| **शोधपरिचय** | |
| अध्ययनको पृष्ठभूमि | १ |
| समस्याकथन | २ |
| अध्ययनको औचित्य | २ |
| शोधको उद्देश्य | २ |
| अनुसन्धानात्मक प्रश्न | ३ |
| शोधकार्यको परिसीमा | ३ |
| पारिभाषिक शब्दावली | ४ |
| सारांश | ४ |

**अध्याय दुई**

**सम्बन्धित कार्यको पुनरावलोकन र सैद्धान्तिक ढाँचा**


सैद्धान्तिक पुनरावलोकन ५

प्रायोगिक पुनरावलोकन ६

अनुसन्धानमा सम्बन्धित कार्यको पुनरावलोकनको अनुप्रयोग ९

वाक्यगठनका अवधारणात्मक ढाँचा १०

वाक्यगठनको परिचय १०

वाक्यगठनका पक्षहरू १२

सारांश १८


**अध्याय तीन**

**अनुसन्धान विधि**


अनुसन्धान ढाँचा १९

नमुना छनोट प्रक्रिया १९

जनसङ्ख्याको पहिचान १९

नमुना छनोट १९

तथ्याङ्क सङ्कलनका साधन १९

प्राथमिक स्रोत २०

द्वितीयक स्रोत २०

तथ्याङ्क सङ्कलन २०

अवधारणात्मक ढाँचा २१

तथ्याङ्क विश्लेषण २१

नतिजा र छलफल २२

अध्ययनको रूपरेखा २३

सारांश २४

**अध्याय चार**

**समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन**

मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको तथ्याङ्क २६
लैङ्गिक आधारमा छात्रा विद्यार्थीहरूको वाक्यगठन क्षमता तथ्याङ्क २८
मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको वाक्यगठन क्षमता तथ्याङ्क २९
छात्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन ३०
मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको वाक्यगठन क्षमता तथ्याङ्क ३१
लैङ्गिक आधारमा समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलना ३३
सामुदायिक विद्यालयका विद्यार्थीको वाक्यगठन क्षमताको प्रतिशताङ्क ३५
मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमता तथ्याङ्क ३६
संस्थागत विद्यालयका विद्यार्थीको वाक्यगठन क्षमताको प्रतिशताङ्क ३८
मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमता तथ्याङ्क ३८
विद्यालयका प्रकृतिका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलना ४०
सारांश ४३

**अध्याय पाँच**

**सारांश, निष्कर्ष र उपयोगिता**

सारांश ४४
निष्कर्ष ४४
उपयोगिता ४७
    नीतिगत तह ४८
    प्रयोगगत तह ४८
सन्दर्भसामग्री सूची
परिशिष्ट
व्यक्तिवृत्त

# तालिकासूची


| तालिका सङ्ख्या | शीर्षक | पृष्ठ |
|---|---|---|
| १ | समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन | २६ |
| २ | मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमता तथ्याङ्क | २७ |
| ३ | लैङ्गिक आधारमा छात्रा विद्यार्थीहरूको वाक्यगठन क्षमताको प्रतिशताङ्क | २९ |
| ४ | मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको वाक्यगठन क्षमता तथ्याङ्क | ३१ |
| ५ | छात्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको प्रतिशताङ्क | ३२ |
| ६ | मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको वाक्यगठन क्षमता तथ्याङ्क | ३४ |
| ७ | लैङ्गिक आधारमा समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलना | ३५ |
| ८ | सामुदायिक विद्यालयका विद्यार्थीको वाक्यगठन क्षमताको प्रतिशताङ्क | ३७ |
| ९ | मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमता तथ्याङ्क | ३९ |
| १० | संस्थागत विद्यालयका विद्यार्थीको वाक्यगठन क्षमताको प्रतिशताङ्क | ४० |
| ११ | मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमता तथ्याङ्क | ४१ |
| १२ | विद्यालयका प्रकृतिका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलना | ४३ |

# स्तम्भचित्र सूची


| स्तम्भचित्र सङ्ख्या | शीर्षक | पृष्ठ |
|---|---|---|
| १ | समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमता | २६ |
| २ | मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमता तथ्याङ्क | २८ |
| ३ | लैङ्गिक आधारमा छात्रा विद्यार्थीहरूको वाक्यगठन क्षमताको प्रतिशताङ्क | ३० |
| ४ | मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको वाक्यगठन क्षमता तथ्याङ्क | ३१ |
| ५ | छात्रा विद्यार्थीहरूको वाक्यगठन क्षमताको प्रतिशताङ्क | ३३ |
| ६ | मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको वाक्यगठन क्षमता तथ्याङ्क | ३४ |
| ७ | लैङ्गिक आधारमा छात्र विद्यार्थीको वाक्यगठन क्षमता | ३६ |
| ८ | लैङ्गिक आधारमा छात्रा विद्यार्थीको वाक्यगठन क्षमता | ३६ |
| ९ | सामुदायिक विद्यालयका विद्यार्थीको वाक्यगठन क्षमताको प्रतिशताङ्क | ३८ |
| १० | मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमता तथ्याङ्क | ३९ |
| ११ | संस्थागत विद्यालयका विद्यार्थीको वाक्यगठन क्षमताको प्रतिशताङ्क | ४१ |
| १२ | मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमता तथ्याङ्क | ४२ |
| १३ | विद्यालय प्रकृतिका आधारमा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलना | ४४ |
| १४ | विद्यालय प्रकृतिका आधारमा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलना | ४५ |

# चित्रसूची


| चित्र सङ्ख्या | शीर्षक | पृष्ठ |
|---|---|---|
| १ | अवाधारणात्मक ढाँचा | २१ |

# चिह्नसूची

| **चिह्न** | **अर्थ** |
|---|---|
| ; | अर्धविराम |
| , | अल्पविराम |
| “ ” | कसैको प्रत्यक्ष उक्तिको उद्धरण गर्दा |
| …… | केही अंश छोडिएको |
| । | पूर्णविराम |
| ? | प्रश्नवाचक |
| – | योजक |
| / | विकल्प, पर्याय |
| ‘ ’ | विषेश जोड दिँदा |
| : | व्याख्या/सापेक्ष |
| – | बाट |
| ( ) | पेटे टिप्पणी दिँदा |

## अध्याय एक

## शोध परिचय

### अध्ययनको पृष्ठभूमि

आधारभूत तहअन्तर्गत कक्षा एकदेखि कक्षा आठसम्म अध्ययन गर्ने विद्यार्थीहरूलाई भन्ने बुझिन्छ । नेपालको संविधान २०७२ धारा एकतिसमा मौलिक अधिकारअर्न्तगत शिक्षासम्बन्धी हकमा प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हकको व्यवस्था छ । प्रत्येक स्थानीय तहले पाँच वर्ष पूरा गरी बाह्र वर्ष उमेर पूरा नभएको प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था छ । नेपाल सरकारले आधारभूत तह वा माध्यमिक तहसम्मको शिक्षा प्राप्त गर्ने प्रत्येक सार्वजनिक विद्यालयका बालबालिकालाई निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउँदै आएको छ । आधारभूत तहमा अध्यापन गराइने विभिन्न विषयहरूमध्ये अनिवार्य नेपाली पनि एक हो । भाषा शिक्षणको मूल उद्देश्य भनेको विद्यार्थीहरूमा भाषिक सीप विकास गराउनु हो ।

व्याकरिणक दृष्टिले वाक्य भाषाको एक आधारभूत र महत्त्वपूर्ण एकाइका रूपमा रहेको हुन्छ । वाक्य भाषाको सबैभन्दा ठूलो व्याकरणिक एकाइ हो । भाषाभित्र विभिन्न भाषिक एकाइहरूमध्ये उपवाक्यभन्दा माथिल्लो र सङ्कथनभन्दा तल्लो भाषाको व्याकरणिक एकाइलाई वाक्य भनिन्छ । न्यूनतम एक उद्देश्य र एक विधेयबाट बनेको पदसमूलाई वाक्य भनिन्छ । कर्ता, कर्म र क्रियाको सङ्गति मिलेर नै वाक्यको निर्माण भएको हुन्छ । भाषिक अभिव्यक्तिका क्रममा आफ्ना कुरा बुझाउनका लागि वाक्यको निर्माण वा रचना गर्नु नै वाक्यगठन हो । वाक्यका व्याकरणात्मक कोटिहरू लिङ्ग, वचन, पुरुष, आदर, काल, वाच्य, भाव र कारक आदिका साथै वाक्यमा आउने पदहरूको सङ्गति मिलाएर वाक्यको रचना गर्न सक्नु नै वाक्यगठन क्षमता हो । विद्यार्थीहरूमा वाक्यगठनसँग सम्बन्धित ज्ञान र अभ्यास हुन जरुरी छ । वाक्यगठनले भाषालाई व्यवस्थित, सान्दर्भिक र अर्थयुक्त बनाउने भएकोले यसलाई भाषाको मेरूदण्डको रूपमा लिइन्छ ।

विद्यार्थीहरूमा वाक्यगठन गर्ने क्षमताको विकास हुन सके मात्र भाषा शिक्षण प्रभावकारी भएको मानिन्छ । अतः भाषा शिक्षणअन्तर्गत वाक्यगठन शिक्षणलाई पनि विशेष महत्त्वका रूपमा लिइन्छ । लैङ्गिकताका र विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको

वाक्यगठन क्षमता फरक पाइन्छ । त्यसैले म्याग्दी जिल्लाको कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अध्ययन गरिएको हो ।

## समस्याकथन

प्रस्तुत शोधकार्यको मूल समस्या *कक्षा आठमा अध्ययनरत विद्यार्थीको वाक्यगठन क्षमताको अध्ययन* रहेको छ । म्याग्दी जिल्लामा विद्यार्थीहरूको वाक्यगठन क्षमता अत्यन्त कमजोर पाइन्छ । कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमता, लैङ्गिकताका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलनात्मक अवस्था र विद्यालयको प्रकृतिको आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलनात्मक अवस्था नै यस प्रस्तुत शोधकार्यको प्रमुख समस्या रहको छ ।

## अध्ययनको औचित्य

प्रस्तुत शोधकार्य शोधार्थीले आफूले गर्न लागेको औचित्यमाथि प्रकाश पार्नुलाई नै शोधको औचित्य भनिन्छ । कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमता पहिचान गरी त्यस क्षेत्रका विद्यार्थीहरूलाई नेपाली भाषाप्रति उपयुक्त धारणा जगाउन पनि यस अनुसन्धानले सहयोग गर्दछ । भाषाको गहिराइ बुभ्न र साहित्यिक अभिव्यक्तिको विकास गर्न वाक्यगठन क्षमतामा ज्ञान हुनु आवश्यक छ । *कक्षा आठको नेपाली* पाठ्यपुस्तकका आधारमा वाक्यगठन गर्ने हुनाले शोधकार्य सान्दर्भिक देखिन्छ । नेपाली भाषालाई स्तरीयता प्रदान गर्न, अभिव्यक्ति क्षमता वृद्दि गर्न उपयुक्त वाक्यगठन प्रक्रियामा जोड दिन्छ । विद्यार्थीहरूले नेपाली भाषा लेखनमा वाक्यगठन क्षमताको अध्ययनबाट उनीहरूको वाक्यगठन क्षमताको पहिचान हुन्छ । त्यसका आधारमा उनीहरूलाई सुधारात्मक दिशातर्फ लैजानका लागि यो अध्ययन औचित्यपूर्ण देखिन्छ । यसले अध्ययनले कक्षा आठमा अध्ययन गरेका विद्यार्थीहरूलाई मात्र नभई शिक्षक, प्रशिक्षक, पाठ्यपुस्तक निर्माणकर्ता, विषय विशेषज्ञ, अध्ययन अनुसन्धान गर्ने व्यक्ति आदिलाई लाभान्वित हुने भएकाले यस अध्ययनको औचित्य देखिन्छ ।

## शोधको उद्देश्य

प्रस्तुत शोधपात्रका उद्देश्यहरू निम्नलिखित छन् :

(क) कक्षा आठमा अध्ययनरत विद्यार्थीको वाक्यगठन सम्बन्धी क्षमता पहिचान गर्नु,

(ख) लैङ्गिकताका आधारमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन गर्नु,

(ग) विद्यालयको प्रकृतिका आधारमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलनात्मक अध्ययन गर्नु ।

## अनुसन्धानात्मक प्रश्न

प्रस्तुत शोधकार्य निम्नलिखित प्रश्नहरूको समाधानको खोजीमा रहेको छ :

(क) कक्षा आठमा अध्ययनरत समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमता के कस्तो छ ?

(ख) लैङ्गिकताका आधारमा कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलनात्मक अवस्था कस्तो छ ?

(ग) विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलनात्मक अवस्था कस्तो छ ?

## शोधकार्यको परिसीमा

प्रस्तुत शोधकार्यमा म्याग्दी जिल्लाका कक्षा आठमा अध्ययनरत सयजना विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन सीमा रहेको छ । पाँच वटा सामुदायिक र पाँच वटा संस्थागत विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययनमा मात्र सीमित रहेको छ । शोधकार्यमा सामुदायिक विद्यालयमा श्री किसानी मा.वि. ध.गा.पा. वडा नं.-७, धारापानी, श्री हेम मा.वि., ध.गा.पा. वडा नं.-७, शिवाङ्ग, वुद्धि विकास मा.वि., ध.गा.पा. वडा नं.-४, मुदी, भुमे आधारभूत विद्यालय, ध.गा.पा. वडा नं.-७, मच्छिम र धनजनता माध्यमिक विद्यालय, ध.गा.पा. वडा नं.-३, फलिया गाउँमा रहेको छ भने संस्थागत विद्यालयतर्फ दरबाङ्ग बोर्डिङ्ग स्कुल, मालिका गा.पा.-६, दरबाङ्ग, केबि इङ्लिस बोर्डिङ्ग स्कुल, मालिका गा.पा.-६, दरबाङ्ग, डनिङ इङ्लिस बोर्डिङ्ग स्कुल, मंगला गा.पा.-२, बाबियाचौर, मालिका जनहित बोर्डिङ्ग स्कुल, मालिका गा.पा.-६, तातोपानी र म्याग्दी एकेडेमी, बेनी न.पा.-४, सिङ्गा, म्याग्दी रहेका छन् ।

## पारिभाषिक शब्दावली

वाक्य : भाषाको सबैभन्दा ठूलो व्याकरणिक एकाइ

सामुदायिक : समुदायसम्बन्धी; समूहको; सामूहिक

संस्थागत : संस्थाका रूपमा परिणत भएको; संस्थाका रूपमा रहेको; संस्थानसम्बन्धी

लैङ्गिकता : भाले तथा पोथी लैङ्गिक सम्बन्धका आधारमा जीवनयथार्थ र समाजलाई हेर्ने दृष्टिकोण वा मान्यता

भाषाशैली : कुनै पनि विषयवस्तुलाई प्रस्तुत गर्ने विधि वा तरिका

वाच्य : भनिनु; भनाइसँग अथवा जसप्रति भनिन्छ

तुलनात्मक : तुलना गरिएको; तुलना भएको ।

**सारांश**

*कक्षा आठमा अध्ययनरत विद्यार्थीको वाक्यगठन क्षमताको अध्ययन* शीर्षकको प्रस्तुत शोधपत्रको पहिलो अध्यायमा परिचयअन्तर्गत शोधपरिचयको अध्ययनको पृष्ठभूमिमा वाक्य र वाक्यगठनको सामान्य परिचय प्रस्तुत गरिएको छ । समस्याकथनमा वाक्यगठन क्षमतालाई विद्यार्थीको लैङ्गिकता र विद्यालयको प्रकृतिको आधारमा तुलनात्मक अध्ययन गनै विभिन्न विधि र प्रक्रिया अवलम्बन गरी विश्लेषण गर्ने कुराको विवरण प्रस्तुत गरिएको छ भने शोधको उद्देश्यमा शोधकार्यलाई पूर्ण गर्नुका उद्देश्यहरू केके हुन् भनेर प्रष्ट पारिएको छ । अध्ययनको औचित्यअन्तर्गत *कक्षा आठको नेपाली* पुस्तकमा प्रयुक्त वाक्यहरूमा वाक्यगठन गर्ने हुनाले शोधको औचित्य प्रष्ट हुन्छ । अनुसन्धानात्मक प्रश्नअन्तर्गत शोधकार्य सम्पन्न गर्नका लागि केकस्ता प्रश्नहरू रहेका छन् भन्ने देखाइएको छ र ती प्रश्नहरूको समाधान शोधकार्यमा गरिएको छ । शोधकार्यको परिसीमामा शोधकार्यका लागि कस्ता सीमा रहेका छन् भन्ने देखाइएको छ । यसका साथै यसै अध्यायमा शब्दावली र यस अध्यायको सारांश समावेश गरी अध्याय सम्पन्न गरिएको छ ।

# अध्याय दुई

## सम्बन्धित कार्यको पुनरावलोकन र सैद्धान्तिक ढाँचा

प्रस्तुत शोधकार्यका सन्दर्भमा विभिन्न पुस्तक, पत्रपत्रिका, लेख, शोधपत्र आदिमा लेखाइ, सिप र वाक्यगठन क्षमतासँग सम्बन्धित पूर्वकार्यको रूपमा लिई तिनको समीक्षा गरिएको छ । यसै सन्दर्भमा *कक्षा आठमा अध्ययनरत विद्यार्थीहररूको वाक्यगठन क्षमताको अध्ययन* यस शोधपत्रमा विभिन्न विद्वान्हरूद्वारा तयार पारिएका पाठ्यसामग्री तथा पूर्व अनुसन्धानात्मक केही निष्कर्षहरूलाई आधार मानी तयार पारिएको छ । सम्बन्धित कार्यको पुनरावलोकनलाई सैद्धान्तिक पुनरावलोकन र प्रायोगिक पुनरावलोकन गरी दुई भागमा विभाजन गरिएको छ ।

## सैद्धान्तिक पुनरावलोकन

यादव र रेग्मी (२०५९) द्वारा *भाषाविज्ञान* नामक पुस्तकमा वाक्यविज्ञान शीर्षकमा वाक्यको परिचय, व्याकरणिक कोटि, व्याकरणिक कार्य, साथै पदको गौण वर्गीकरणअन्तर्गत वचन, लिङ्ग, पुरुष, आदर, कारक, काल, पक्ष, भाव आदिको बारेमा प्रत्येक शीर्षकको परिचय प्रकार र प्रक्रियालाई उदाहरण सहित पुष्टि गरिएको छ । यस कृतिको अध्ययनबाट वाक्यगठनअन्तर्गत लिङ्ग, पुरुष, आदर, कारक, काल, पक्ष, भाव आदिको बारेमा जानकारी लिन र सोसम्बन्धी व्याख्या तथा विश्लेषण गर्न सहयोग पुगेको छ ।

अधिकारी (२०६७) द्वारा *नेपाली भाषा शिक्षण* नामक पुस्तकमा वाक्यगठनको बारेमा चर्चा गरिएको छ । यस पुस्तकको नेपाली वाक्य शिक्षणअन्तर्गत दुई शीर्षक राखी पहिलामा वाक्य रचना शिक्षणको प्रयोजन र दोस्रोमा वाक्य रचनाका आधारभूत तत्त्वको शिक्षणसम्बन्धी चर्चा गरिएको छ । यस पूर्वकार्यमा वाक्य रचनाका आधारभूत तत्त्वको शिक्षणभित्र लिङ्ग, वचन, आदार, पुरुष, काल र पक्ष, भाव र वाच्य आदिको उदाहरणसहित कार्यकलापहरू प्रस्तुत गरिएको छ । यस कृतिको पुनरावलोकनबाट वाक्यगठनसम्बन्धी जानकारी लिन र सैद्धान्तिक अवधारणा बुझ्न प्रशस्त सहयोग पुगेको छ ।

गौतम र चौलागाई (२०७०) द्वारा *भाषाविज्ञान* नामक पुस्तकमा वाक्यविज्ञान शीर्षकमा वाक्यको स्वरूप र क्षेत्र पदक्रमका आधारमा वाक्यको संरचना प्रस्तुत गरिएको छ । उक्त पुस्तकमा वाक्यका प्रकार, वाक्यका तत्त्वहरू, वाक्य संयोजन, वाक्य मिश्रणका

साथै आन्तरिक संरचनाबाट बाह्य संरचनामा रूपान्तरण गर्ने र आधार संरचनाबाट अन्य संरचनामा रूपान्तरण गर्ने प्रक्रियालाई उल्लेख गरिएको छ । यस कृतिको पुनरावलोकनबाट वाक्यगठनसम्बन्धी ज्ञानार्जन गर्न र सोकोबारेमा व्याख्या, विश्लेषण गर्न सहयोग पुगेको छ ।

पौडेल (२०७०) द्वारा *नेपाली भाषा शिक्षण* नामक पुस्तकमा व्याकरणिक क्षमता र वाक्यगठन क्षमताको सैद्धान्तिक चर्चा गरिएको छ । उक्त पुस्तकमा वाक्य रचना शिक्षण कसरी गर्ने, उद्देश्यहरू कस्तो बनाउने, कस्ता कार्यकलाप गराउने, व्याकरणिक क्षमताले भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) लाई कस्तो किसिमको सहयोग गर्दछ । शरीरमा नसाको महत्त्व भएझैँ भाषाका लागि व्याकरणिक महत्त्व पनि त्यत्तिकै हुन्छ । व्याकरणले वाक्यगठन क्षमतालाई पूर्ण रूपले सहयोग पुऱ्याएको उल्लेख गरिएको छ । यस कृतिको पुनरावलोकनबाट वाक्यगठनको बारेमा सामान्य जानकारीका साथै सिद्धान्त निर्माणमा समेत सहयोग प्राप्त भएको छ ।

भण्डारी र न्यौपाने (२०७०) द्वारा *भाषाविज्ञानका प्रमुख सिद्धान्त* नामक पुस्तकमा संरचनावादअन्तर्गत वाक्य र यसका प्रकार शीर्षकमा अपूर्ण र पूर्ण वाक्य संरचना भन्दै संरचनावादीहरू द्वारा पूर्ण वाक्यको मात्र अध्ययन गर्ने कुरा पुष्ट्याइएको छ । यस कृतिको पुनरावलोकनबाट वाक्यगठनको बारेमा सामान्य जानकारी प्राप्त भएको छ ।

## प्रायोगिक पुनरावलोकन

धिताल (२०७१) द्वारा *बर्दिया जिल्लाका कक्षा सातमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूको वाक्यगठन क्षमता अध्ययन* शीर्षकमा शोधपत्र तयार गरिएको छ । सामुदायिक विद्यालयको शिक्षण सिकाइको माध्यम नेपाली भाषा भए तापनि व्याकरणिक नियमको ख्याल नगरी सामुदायिक विद्यालयमा विद्यार्थीहरूले पनि वाक्यगठनका पक्षमा धेरै नै त्रुटि गरेको निष्कर्ष निकालिएको छ । यस शोधको अध्ययनबाट वाक्यगठनसम्बन्धी जानकारी लिन र त्यसको व्याख्या गर्न सहयोग पुगेको छ ।

अधिकारी (२०७३) द्वारा *कक्षा छमा अध्ययनरत गुरुङभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन* शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधको प्राप्तिका रूपमा कालगत, आदरगत, लिङ्गगत त्रुटिको मात्रा न्यून रहेको तर सबैभन्दा धेरै त्रुटि पक्ष र पुरुषमा गर्ने गरेको निष्कर्ष निकालिएको छ । प्रस्तुत शोधको पुनरावलोकनबाट

विद्यार्थीले वाक्यगठन गर्ने क्रममा कालगत, आदरगत र लिङ्गत त्रुटिको बारेमा जानकारी लिन र सोसम्बन्धी सैद्धान्तिक पक्ष पत्ता लगाउन सहयोगी बनेको छ ।

अधिकारी (२०७३) द्वारा *कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन* शीर्षकमा शोधपत्र तयार गरिएको छ । वाक्यगठनका विभिन्न पक्षहरूमध्ये विद्यार्थीहरू सबैभन्दा कमजोर कालगत वाक्यगठनमा रहेको पाइयो भने सबल वचनगत वाक्यगठनमा रहेको पाइयो । लैङ्गिकताका आधारमा तुलनात्मक अध्ययन गर्दा छात्राहरू भन्दा छात्रहरूको वाक्यगठन क्षमता सबल रहेको पाइयो । यस शोधको अध्ययनबाट विद्यार्थीको लैङ्गिकताका आधारमा वाक्यगठनसम्बन्धी जानकारी लिन र त्यसको व्याख्या गर्न सहयोग पुगेको छ ।

खनाल (२०७३) द्वारा *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य गरिएको छ । समग्रताका आधारमा सबैभन्दा माथिल्ला श्रेणीमा अठतिस प्रतिशत र तल्लो श्रेणीमा दस प्रतिशत रहेको हुँदा बारा जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरू वाक्यगठन क्षमता मध्यम स्तरको रहेको पाइयो । लैङ्गिकताका आधारमा छात्रभन्दा छात्राहरूको वाक्यगठन क्षमता उच्च रहेको र विद्यालय प्रकृतिका आधारमा सामुदायिक र संस्थागतमध्ये संस्थागत विद्यालयका विद्यार्थीको वाक्यगठन क्षमता उच्च रहेको पाइयो । यस शोधको अध्ययनबाट विद्यालयको प्रकृतिका आधारमा र विद्यार्थीको लैङ्गिकताको आधारमा वाक्यगठनसम्बन्धी तुलनात्मक जानकारी लिन र वाक्यगठनसम्बन्धी सैद्धान्तिक अवधारणा प्रस्तुत गर्न सहयोग पुगेको छ ।

प्रधान (२०७३) द्वारा *भोजपुर जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य भएको पाइन्छ । भाषिक पृष्ठभूमिलाई हेर्दा नेपाली भाषीको वाक्यगठन र दोस्रो भाषीको वाक्यगठनको तुलनात्मक अध्ययन गर्दा नेपाली भाषीको वाक्यगठन राम्रो रहेको देखाइएको छ भने लैङ्गिकताको आधारमा हेर्दा छात्र र छात्राको वाक्यगठन क्षमतालाई तुलनात्मक रूपमा हेर्दा छात्रको भन्दा छात्राको वाक्यगठन क्षमता राम्रो रहेको छ । यस शोधको अध्ययनबाट विद्यार्थीको लैङ्गिकताका आधारमा वाक्यगठनसम्बन्धी जानकारी लिन र त्यसको व्याख्या तथा विश्लेषण गर्न महत्त्वपूर्ण सहयोग पुगेको छ ।

मगर (२०७३) द्वारा *ललितपुर जिल्ला कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधकार्यमा सामुदायिक विद्यालयतर्फ वचनमा धेरै राम्रो गरेको पाइयो भने संस्थागत विद्यालयतर्फ पुरुषले राम्रो गरेको तथा व्याकरणात्मक प्रयोग क्षमता दुवै विद्यालयका विद्यार्थीहरूले वाच्यमा बढी त्रुटि गरको निष्कर्ष निकालिएको छ । यस शोधको पुनरावलोकनबाट विद्यालयको प्रकृति र विद्यार्थीको लैङ्गिक आधारमा वाक्यगठनसम्बन्धी तुलनात्मक अध्ययन गरिएको हुनाले यससम्बन्धी त्रुटिहरूको अध्ययन गर्न सहयोगी बनेको छ ।

रावल (२०७३) द्वारा *अछाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीले वाक्यगठनमा गर्ने त्रुटिको अध्ययन* शीर्षकको शोधकार्य तयार गरिएको छ । सिकाइ उपलब्धिका आधारमा हेर्ने हो भने समग्रमा संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयको उपलब्धि स्तर खस्किएको भाषिक पृष्ठभूमिका आधारमा हेर्दा विद्यार्थीले गर्ने सम्पूर्ण त्रुटि मातृभाषाको प्रभावबाट मात्र नभई सामाजिक वातावरण र विद्यार्थीको नियमित अभ्यासको कमि रहेको विद्यालयको शैक्षिक वातावरणका आधारमा हेर्दा नियमित कक्षा सञ्चालन भए पनि विद्यार्थी नियमित नहुनु र अभिभावकहरू आफ्ना बालबालिकाको शैक्षिक उन्नतिप्रति उदासिन रहेको देखिन्छ । यस शोधको पुनरावलोकनले वाक्यगठनसम्बन्धी जानकारी लिन र त्यसको व्याख्या गर्न सहयोग पुगेको छ ।

रोकाया (२०७३) द्वारा *बझाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन* शीर्षकको शोधपत्र तयार पारिएको छ । यस शोधकार्यबाट वाक्यगठनका विभिन्न पक्षहरूमध्ये सबैभन्दा कमजोर वाच्यगत वाक्यगठनका रहेको पाइयो भने सबैभन्दा सबल लिङ्गगत वाक्यगठनमा रहेको, लैङ्गिकताको आधारमा तुलनात्मक अध्ययन गर्दा छात्रहरूको तुलनामा छात्राहरूको वाक्यगठन सबल रहेको, विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको तुलनात्मक अध्ययन गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको तुलनात्मक अध्ययन गर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको भन्दा संस्थागत विद्यालयका विद्यार्थीको वाक्यगठन क्षमता सबल रहेको जस्ता निष्कर्षहरू निकालिएको छ । यस शोधको अध्ययनबाट विद्यालयको प्रकृति र विद्यार्थीको लैङ्गिक आधारमा वाक्यगठनसम्बन्धी तुलनात्मक अध्ययन गर्न सहयोगी हुनाका साथै सैद्धान्तिक पृष्ठभूमि तयार गर्न सहयोग पुगेको छ ।

विष्ट (२०७३) द्वारा *अछाम जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन* शीर्षकमा शोधकार्य गरिएको छ । वाक्यगठनका विभिन्न पक्षहरू सबैभन्दा कमजोर वाच्यगत र सबैभन्दा राम्रो वचनगत वाक्यगठन पाइयो । लैङ्गिकताका आधारमा छात्राहरूको तुलनामा छात्रहरूको वाक्यगठन क्षमता सवल रहेको पाइयो भने विद्यालय प्रकृतिका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमता उच्च रहेको निष्कर्ष निकालिएको छ । यस शोधको अध्ययनबाट विद्यालयको प्रकृति र विद्यार्थीको लैङ्गिक आधारमा वाक्यगठनसम्बन्धी तुलनात्मक अध्ययन गर्न सहयोगी बनेको छ ।

शर्मा (२०७३) द्वारा *कपिलवस्तु जिल्लाका थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन* शीर्षकमा शोधपत्रमा तयार पारिएको छ । थारूभाषी विद्यार्थीहरूले नेपाली भाषाको वाक्यगठनमा गरेका त्रुटिहरूमा स्त्रीलिङ्गी कर्ताका साथमा पुलिङ्गी क्रियापदको प्रयोग, आदरगत त्रुटि पनि प्रशस्तै मात्रामा गरेको, प्रायःजसो उच्च आदरार्थी क्रियापदको ठाउँमा निम्न आदरार्थी क्रियापदको प्रयोग, आदर गर्नु पर्ने ठाउँमा आदर प्रयोग नगर्ने र आदर नगर्नु पर्ने ठाउँमा आदरजनित क्रियापदको प्रयोग गर्ने गरेको निष्कर्ष निकालिएको छ । यस शोधको पुनरावलोकनबाट विद्यालयको प्रकृति र विद्यार्थीको लैङ्गिक आधारमा वाक्यगठनसम्बन्धी तुलनात्मक अध्ययन गर्न सहयोगी हुनाका साथै सैद्धान्तिक पृष्ठभूमि तयार गर्न सहयोग पुगेको छ ।

## अनुसन्धानमा सम्बन्धित कार्यको पुनरावलोकनको अनुप्रयोग

वाक्यगठन क्षमताको बारेमा अध्ययन गर्ने उद्देश्यले यो शोधकार्य गरिएको हुनाले *कक्षा आठको नेपाली* पुस्तकसँग सम्बन्धित रहेर अध्ययन गर्ने क्रममा यसै शोधशीर्षकसँग सम्बन्धित विभिन्न शोधकार्यहरू भएको पाइन्छ, तिनीहरूको पुनरावलोकनले गर्दा यो शोधकार्य सघाउ पुऱ्याएको पाइन्छ । अनुसन्धानमा सम्बन्धित कार्यको पुनरावलोकनको अनुप्रयोगले शोधार्थीलाई शोधसँग सम्बन्धित समस्या पहिचान गर्न, सैद्धान्तिक अवधारणा प्रस्तुत गर्न र त्यसलाई प्रष्ट पार्न, शोधशीर्षकसँग सम्बन्धित विविध क्षेत्रहरूको परिभाषा दिन, प्राक्कल्पना तयार गर्न, पुनरावृत्ति हटाउन, सम्भावित त्रुटिहरूबाट जोगिन, उत्कृष्ट विधिको प्रयोग गर्न, विश्लेषणात्मक आधारहरू खोज्न सजिलो बनाएको छ । यसकारण प्रस्तुत शोधकार्यको प्रयोगगत शिक्षकलाई पेसागत रूपमा सक्षम बनाई विद्यार्थीलाई

पृष्ठपोषण दिन, विद्यार्थीहरूको स्तर क्षमता आवश्यकताअनुसार विषयवस्तु, शिक्षण सामग्री, शिक्षण विधि छनोट गर्न, वाक्यको प्रकृति पहिचान गर्न, वाक्यगठनसँग सम्बन्धित सैद्धान्तिक पक्षको प्रस्तुत गर्न, वाक्यगठनका अवधारणा स्पष्ट पार्न, पुनरावृत्ति हटाउन, वाक्यगठनका सम्भावित त्रुटिहरूबाट जोगिन, उत्कृष्ट विधिको प्रयोग गर्न विश्लेषणात्मक आधारहरू खोज्न र विभिन्न कुराहरूमा सहज गराएको छ । त्यतिमात्र नभई वाक्यगठन सम्बन्धी समस्या पहिचान गर्न र तिनको निराकरण गर्न, विद्यार्थीहरूलाई वाक्यगठनसम्बन्धी आधारभूत सीप ग्रहण गर्न, सामुदायिक विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमता सुदृढ नदेखिएकाले उक्त विद्यालयका शिक्षक तथा विद्यार्थीहरूलाई सक्षमताका साथ अध्ययन अध्यापन गराउन प्रस्तुत अध्ययनले उपयोगी हुने, उत्कृष्ट विधिको प्रयोग गर्न विश्लेषणात्मक आधारहरू खोज्न र विभिन्न कुराहरूमा सहज गराएको पाइन्छ । त्यसकारण प्रस्तुत पूर्वकार्यको पुनरावलोकनले निश्चित मार्गदर्शन प्रदान गरी प्रस्तुत शोधकार्य गर्न सहयोग पुऱ्याएको पाइन्छ ।

## वाक्यगठनका अवधारणात्मक ढाँचा

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि वाक्यगठनसम्बन्धी अवधाराणात्मक ढाँचा वा स्वरूपको निरूपण गर्न आवश्यक छ । अवधाराणात्मक ढाँचाअर्न्तगत वाक्यको परिचय, वाक्यगठन, वाक्यगठन क्षमताका आधारभूत पक्षहरूलाई यसप्रकार उल्लेख गरिएको छ :

### वाक्यगठनको परिचय

मानवीय विचारलाई भाषाका दुई माध्यमहरूले वाक्यगठनको शिलशिलामा नेपाली मातृभाषी हुने र नेपाली इतर मातृभाषी हुने विद्यार्थीको वाक्यगठन क्षमता भिन्न पाइन्छ । वाक्य भाषाको तल्ला एकाइबाट बनेको सबैभन्दा ठूलो एकाइ हो । यसमा अभिव्यक्तिको पूर्णता रहेको हुन्छ । कथनको पूर्णता रहने भएकाले यसलाई सोपानक्रमिक आधारमा सबभन्दा ठूलो एकाइ मानिएको हो । वाक्यका बारेमा आफ्नो धारणा व्यक्त गर्दै (भुसाल, २०७१) ले "संरचनावादले वर्ण, रूप, शब्द, पद, पदावली, उपवाक्य आदिको संयोजनबाट वाक्य बन्दछ भनेको पाइन्छ । भाषाशास्त्री थ्याक्स र पतञ्जलिले पूर्ण अर्थको प्रतीति गराउने शब्द समूहलाई वाक्य मानेका छन्" (पृ. १८३) । यसबाट वाक्यगठन वाक्यको आधारभूत तह हो भनेर मान्न सकिन्छ । वाक्यका आधारभूत तत्त्वहरू लिङ्ग, वचन, पुरुष, काल, भाव, पक्ष, कारक, आदर, वाच्य, आदिलाई उपयुक्त सङ्गति मिलाएर वाक्यको निर्माण गर्नु नै

वाक्यगठन हो । भाषालाई स्तरीय रूप दिन र भाषिक एकरूपता कायम गर्न भाषामा उपयुक्त वाक्यगठनको महत्त्वपूर्ण स्थान रहन्छ । विद्यार्थीहरूमा वाक्यगठनसम्बन्धी ज्ञान र अभ्यास हुन जरूरी छ । नेपाली भाषालाई स्तरीयता प्रदान गर्नको लागि उपयुक्त र नियमसङ्गत वाक्यगठनमा जोड दिनुपर्दछ । विद्यार्थीहरूमा सही वाक्यगठन गर्ने क्षमताको विकास हुन सके मात्र भाषा शिक्षण प्रभावकारी भएको मानिन्छ । भाषा र भाषा शिक्षणका क्षेत्रमा अध्ययन अनुसन्धानका कार्यहरू निरन्तर हुन जरूरी भएकाले विद्यार्थीहरू वाक्यगठन क्षमताको अनुसन्धान पनि विशेष महत्व रहन्छ । वाक्यमा वाक्यात्मक तत्त्वहरूलाई सङ्गतियुक्त तरिकाले संयोजन गर्न, विभिन्न प्रकृतिका वाक्यहरू निर्माण गर्न, संश्लेषण गर्न तथा भाषिक परिष्कार प्राप्त गर्नका लागि कुनै पनि विद्यार्थीले स्तरीय वाक्यगठन सम्बन्धी सीप सिक्न आवश्यक हुन्छ । किनकि वाक्यगठन भाषाको स्तरयुक्तता र उपयुक्तता पहिचान गराउने एउटा महत्त्वपूर्ण पक्ष हो । पराजुली (२०६१) "वाक्यमा लिङ्ग, वचन, कारक, काल आदि छुट्टिएनन् भने शब्दहरू जिउन सक्दैनन् । यिनले शब्दलाई रूप साधन प्रत्ययद्वारा निश्चित बाटामा लैजान्छन् जसबाट वाक्यमा व्यवस्थितता आउँछ" (पृ. ५१) भनी वाक्यगठनसम्बन्धी आफ्नो धारणा व्यक्त गरेका छन् । वाक्यगठनको बारेमा ढकाल (२०५९) "शब्दमा गरिएको रूपायनले त्यस शब्दको कोटिमा परिवर्तन गरी दिन्छ । व्याकरणात्मक अर्थको परिवर्तनका लागि शब्दमा विभिन्न लिङ्ग, वचन, पुरुष, कारक, काल, भाव र पक्ष जनाउने गरी रूपायक प्रत्ययहरू गाँसिन्छन्" (पृ. १३०) भनी व्याख्या गरेका छन् । यसका साथै भाषाको बारेमा आफ्नो धारणा व्यक्त गर्दै हेमाङ्गराज अधिकारीले भनेका छन् :

> भाषा मानव जातिले आजसम्म गरेका आविष्कारहरूमा सबैभन्दा महत्त्वपूर्ण आविष्कार हो । भाषाकै माध्यमबाट मानिस विचारको विनिमय गर्छन् । मान्छेले ज्ञान विज्ञानका क्षेत्रमा जेजति उपलब्धि हासिल गरेको छ त्यो सबै भाषाकै देन हो । सृष्टिका हरेक वस्तु परिर्वतनशील छन्, विज्ञान र प्रविधिको विकाससँगै समाजको परिवर्तन हुन्छ । परिवर्तित समाजमा उपयुक्त भाषाको माध्यमद्वारा बालबालिकालाई शिक्षा दिइन्छ । यसका लागि भाषाको आधुनिकीकरण हुन आवश्यक छ । आधुनिक समाजमा विविधता र जटिलतालाई सम्बोधन गर्दै भाषालाई सक्षम बनाउने प्रयास नै वास्तवमा भाषाको आधुनिकीकरण र बौद्धिकीकरण पनि हो । (अधिकारी, २०६५, पृ. ७२)

उपर्लिखित भनाइहरूलाई हेर्दा भाषालाई स्तरीय र सशक्त बनाउने कार्य वाक्यगठनले गर्दछ । जुन भाषामा वाक्यगठनको उपयुक्त प्रयोग हुन्छ, त्यो भाषा नै समृद्ध मानिन्छ । वाक्यगठनका उपयुक्त तालमेलले नै पाठ्यपुस्तकलाई प्रभावकारी बनाउँछ । त्यसैले वाक्यगठनका पक्षहरूको आपसी संयोजनले नै भाषा तयार हुन्छ । त्यही भाषाका माध्यमबाट नै बालबालिकाले ज्ञान आर्जन गर्दछन् । विचार विनिमयको प्रभावकारी र सशक्त माध्यम भाषालाई संरचनात्मक रूपले सम्पन्न गराउने साथै वाक्यगठन गर्ने भएकाले यसको महत्त्व सर्वोपरि देखिन्छ । वाक्यमा लिङ्ग, वचन, काल, पक्ष आदि छुट्टिएनन् भने शब्दहरू जीवन्त बन्न सक्दैनन् । यिनले शब्दलाई रूप साधन आउँछ । शब्दहरूको जीवन्त तत्त्व भनेको व्याकरणात्मक कोटि हो । व्याकरणात्मक कोटिको आधारमा शब्दहरूले आफ्नो कार्य सम्पन्न गर्छन् । शब्दलाई निश्चित कार्यात्मक बाटोमा ल्याउन अर्थ तथा वाक्यात्मक क्रममा समेत सङ्गठित गरी भाषालाई सरल, सहज, सुबोध बनाउनका लागि पनि वाक्यगठनको प्रमुख भूमिका रहेको हुन्छ । त्यसैले कुनै शब्दको अर्थलाई स्पष्ट, सुबोध, सटिक र सक्रिय तुल्याउनका लागि पनि यसको भूमिका अतुलनीय रहेको पाइन्छ । त्यस्तैगरी वाक्यगठनका आधारभूत कुराप्रति सचेत गराउन र विद्यार्थीहरूले वातावरणबाट सिकेका भाषाहरूमा पाइने त्रुटिहरूको निराकरण गर्न भाषाको शिष्ट प्रसङ्ग अनुकूल एवम् औचित्यपूर्ण प्रयोगको प्रतिनिधित्व गराउन भाषाको प्रभावकारिता एवम् सौन्दर्य खल्बलिन नदिन र सम्बन्धित सामान्य विशेषताहरू लिङ्ग, वचन, पुरुष, काल, भाव, पक्ष, कारक, वाच्य आदि पहिल्याउन वाक्यगठनको आवश्यकता पर्दछ ।

निष्कर्षमा भन्नुपर्दा विचार सम्प्रेषण तथा भाव ग्रहण र बोधका लागि भाषामा निहित वाक्यगठन महत्त्वपूर्ण माध्यम बन्न सक्छ । विचार विनिमयको प्रभावकारी र सशक्त माध्यम भाषालाई संरचनात्मक रूपले सम्पन्न गराउने कार्य वाक्यगठनले गर्ने भएकाले यसको महत्त्व सर्वोपरि रहेको देखिन्छ । यसैले कुनै पनि भाषा लेखाइ र व्याकरणिक हिसाबले वाक्यगठनले सशक्त भूमिका खेलेको छ ।

**वाक्यगठनका पक्षहरू**

वाक्यगठनका पक्षहरूमा सम्बन्धमा विद्वान् भाषाविद्हरू बीच फरकफरक धारणा रहेको पाइन्छ । कर्ता, कर्म र क्रियाको सही सङ्गति मिल्नु नै वाक्यगठन हो । प्रत्येक भाषाका वाक्यगठनमा आआफ्ना विशेषताहरू हुन्छन् । नेपाली भाषाको वाक्यगठनअन्तर्गत

नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियायोगी, संयोजक, विस्मयादिबोधक, निपात आदि पदवर्गको साथै वचन, लिङ्ग, पुरुष, काल, पक्ष, भाव, आदर, वाच्य आदि पर्दछन् । 'पदवर्गकै आधारमा लिङ्ग, वचन, कारक, आदिको रूपायन हुने भएकाले यी सबै वर्गलाई एकै समूहमा राख्नुपर्दछ । पदवर्गले वाक्यगठनको आश्रय नलिई व्याकरणात्मक कार्य सम्पन्न गर्न सक्दैनन् र यी दुवैको प्रकृति पनि बेग्लाबेग्लै भएकाले एकै वर्गमा राख्नु युक्तसङ्गत देखिँदैन ।

**लिङ्ग :** लिङ्ग नामसँग सम्बन्ध राख्ने व्याकरणात्मक कोटिको धारा हो । लिङ्गको बारेमा डी.पी. भट्टराई र डिल्लीराम ढुङ्गलले "स्त्री वा पुरुष छुट्याउने विभेदक चिह्नित पदहरू नै लिङ्ग हुन् ।" (पृ. ५९) भनेका छन् । यसैले लिङ्ग भनेको जीवित प्राणीलाई वर्गीकरण गर्ने जाति हो भन्न सकिन्छ । नेपाली र अङ्ग्रेजी भाषाले पुलिङ्ग, स्त्रीलिङ्ग र नपुंसक लिङ्ग गरी लिङ्गलाई तिन प्रकारमा उल्लेख गरेको पाइन्छ । नेपाली भाषामा वाक्यको लिङ्गगत विविधता मानवीय वस्तुका लागि मात्र प्रयोग गरेको पाइन्छ भने अमानवीय वस्तुलाई पुलिङ्गी क्रियाको प्रयोग गरेको पाइन्छ । वाक्यमा कर्ता पुलिङ्ग वा स्त्रीलिङ्ग भएमा त्यहीअनुरूप सङ्गति मिलाउनु पर्दछ अन्यथा लिङ्गगत त्रुटि हुन जान्छ । लिङ्गको अभिव्यक्ति नाम, विशेषण र क्रियापद हुन्छ । लिङ्गसम्बन्धी केही उदाहरणहरू निम्नलिखित रहेका छन् :

(क) अग्लो केटो खेल्दै छ । (ख) अग्ली केटी खेल्दै छे ।

माथिको उदाहरण (क) को वाक्यमा पुलिङ्ग जनाउनका लागि 'केटो' (नाम) 'अग्लो' विशेषण र 'खेल्दै छ' (क्रियापद) आएका छन् भने उदाहरण (ख) को वाक्यमा स्त्रीलिङ्ग जनाउनका लागि 'केटी' (नाम) 'अग्ली' (विशेषण) र 'खेल्दै छे' (क्रियापद) को प्रयोग गरिएको छ ।

**वचन :** वचनको अभिव्यक्ति नाम, सर्वनाम र क्रियापदमा रहेको पाइन्छ । वचनको सम्बन्धमा हेमाङ्गराज अधिकारी (२०७१) ले "नामको सङ्ख्यासँग सम्बन्धित एक वा एकभन्दा बढी सङ्ख्या बुझाउने व्याकरणात्मक कोटिलाई वचन भनिन्छ । नेपालीमा एउटा सङ्ख्या जनाउनेलाई एकवचन भनिन्छ भने धेरै सङ्ख्याहरू जनाउनेलाई बहुवचन भनिन्छ" (पृ. ८९) भनी आफ्नो धारणा व्यक्त गरेका छन् । यस भनाइबाट बुझ्न सकिन्छ कि नेपाली भाषामा एक वचन र बहुवचन गरी दुई

प्रकारका वचन मात्र रहेका छन् । वचनको अभिव्यक्तिमा क्रियापदको ठूलो भूमिका रहन्छ । वचनले सङ्ख्यात्मक दृष्टिकोणमा एक वा अनेक के हो भन्ने आधार प्रदान गर्दछ । नेपाली भाषाका वचनसम्बन्धी केही उदाहरणहरू यसप्रकार छन् :

| एकवचन | बहुवचन |
|---|---|
| केटो आयो । | केटाहरू आए । |
| गाईले घाँस खायो । | गाईहरूले घाँस खाए । |

**पुरुष :** सर्वनाम वा क्रियाको कर्ता भेद नै पुरुष हो । पुरुषको बारेमा कृष्णहरि बराल र नेत्र एटम (२०६६) "व्यक्तिलाई बुझाउने व्याकरणात्मक चिन्हलाई पुरुष भनिन्छ" (पृ. १०१) भनी आफ्नो धारणा व्यक्त गरेका छन् । नेपाली भाषामा पुरुषका तीन प्रकार रहेका छन् । नेपालीमा बोल्ने (वक्ता) व्यक्तिलाई जनाउने प्रथम पुरुष भनिन्छ भने सुन्ने (श्रोता) व्यक्तिलाई जनाउने द्वितीय पुरुष र जसका बारेमा कुरा गरिन्छ, त्यसलाई तृतीय पुरुष भनिन्छ । पुरुषको अभिव्यक्ति सर्वनाम र क्रियापदमा हुन्छ । जस्तै :

| | |
|---|---|
| प्रथम पुरुष | - म चितवन जान्छु । हामी चितवन जान्छौँ । |
| द्वितीय पुरुष | - तँ कथा पढ्छस् । तिमीहरू कथा पढ्छौ । |
| तृतीय पुरुष | - ऊ *रामायण* पढ्छ । उनीहरू *रामायण* पढ्छन् । |

**काल** : क्रियाका माध्यमद्वारा समयको बोध गराउने व्याकरणात्मक कोटिलाई काल भनिन्छ । समयलाई हेर्दा प्रायः भूत, वर्तमान र भविष्यत् गरी तिन भागमा देखाइएको पाइन्छ । कालको सन्दर्भमा हेमाङ्गराज अधिकारी (२०७१) ले "क्रियाको कार्यव्यापार, घटना वा अभिव्यक्तिको समयलाई निर्धारण गर्दछ । क्रियाको रूपका आधारमा काललाई भूत र अभूत गरी दुई भागमा विभाजन गरिएको छ । सामान्यतया भूतकालले बितेको समय र अभूतकालले नबितेको समयलाई जनाउँछ" (पृ. १३१) भनी स्पष्ट गरेका छन् । नेपाली भाषामा काललाई यसप्रकार विभाजन गरिएको पाइन्छ :

***भूतकाल :*** सामान्य भाषामा भूतकाल भनेको बितेको वा गइसकेको समय हो भन्ने बुझिन्छ । यस काललाई प्रष्ट पार्दै कृष्णहरि बराल र नेत्र एटम (२०६६) ले "पहिले वा बितेको समयमा काम भइसकेको जनाउने क्रियाको रूपलाई भूतकाल भनिन्छ"

(पृ. ८१) भनेर व्याख्या गरेका छन् । यस काललाई जनाउनका लागि धातुमा एँ, यौँ, इस्, यो, ई, ए, इन् आदि प्रत्ययहरू जोडिएका हुन्छन । जस्तै :

मैले खाना खाएँ । उसले खाना खायो ।

***वर्तमानकाल :*** चलिरहेको वा हालैको समयलाई सामान्य भाषामा वर्तमानकाल भनिन्छ । यसलाई प्रष्ट पार्दै कृष्णहरि बराल र नेत्र एटम (२०६६) ले “अहिलेको समयमा काम हुने, हुँदै गरेको वा भइसकेर पनि प्रभाव बाँकी रहेको बुझाउने क्रियापदको समयलाई वर्तमानकाल भनिन्छ” (पृ. ८३) भनेका छन् । वर्तमानकाल जनाउनका लागि क्रियापदहरूका अन्त्यमा ‘छ’ प्रत्ययका रूपहरू छु, छौँ, छस्, छौ, छ, छन् आदि रहेका हुन्छन् । जस्तै :

म खाजा खान्छु । बगैँचामा थुप्रै मानिसहरू बसेका छन् ।

***भविष्यत्काल :*** सामान्यतया वर्तमान समयभन्दा पछि आउने समयलाई भविष्यत्काल भनिन्छ । कृष्णहरि बराल र नेत्र एटम (२०६६) ले “पछिको वा आउने समयमा काम हुने कुरा बुझाउने क्रियापदको समयलाई भविष्यत्काल भनिन्छ” (पृ. ८६) भनी स्पष्ट पारेका छन् । यस भनाइबाट स्पष्ट हुन्छ कि वर्तमान् समयभन्दा पछिको समय नै भविष्यत् काल हो । सामान्यतया भविष्यत्काल जनाउनका लागि ‘नेछ’ प्रत्ययका रूपहरू नेछु, नेछस्, नेछौ, नेछन् आदि जोडिन्छन् । जस्तै :

म जानेछु । तपाई जानुहुने छ ।

**पक्ष :** समयको विभिन्न खण्डलाई नै सामान्य भाषामा पक्ष भन्छि । पक्षको बारेमा स्पष्ट पार्दै हेमाङ्गराज अधिकारी (२०७१) ले “पक्षले खास कालको परिवेशभित्र क्रियाका कार्यको प्रकृति तथा वितरणलाई जनाउँछ । त्यसैले यसबाट क्रियाका विभिन्न अवस्था वा चरण व्यक्त हुन्छन्” (पृ. १३४) भनेका छन् । यस भनाइको आधारमा भन्न सकिन्छ कि क्रियापदको कुनै कालभित्र भएको कामको अवस्थालाई पक्ष भन्न सकिन्छ । यसैगरी पक्षको बारेमा स्पष्ट पार्दै कृष्णहरि बराल र नेत्र एटम (२०६६) ले “पक्षले काम हुँदै गरेको, सकिएको, बानी परेको वा कस्तो स्थितिमा रहेको छ भन्ने कुराको जानकारी दिन्छ । एउटै कालका पनि विभिन्न पक्षहरू हुने

भएकाले पक्षलाई कालको मसिनो वा सूक्ष्म विभाजन पनि भनिन्छ" (पृ. ८२) भनेका छन् । यस भनाइबाट पनि बुझ्न सकिन्छ कि समयको विभिन्न भागहरूलाई नै पक्ष भनिन्छ । पक्ष विभिन्न प्रकारका हुन्छन् जसका उदाहरणहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

सामान्य पक्ष – भाइ रोयो ।

अपूर्ण पक्ष – भाइ रुँदै थियो ।

पूर्ण पक्ष – भाइ रोएको थियो ।

अज्ञात पक्ष – भाइ रोएछ ।

अभ्यस्त पक्ष – भाइ रुन्थ्यो ।

नेपालीका काल र पक्षको बारेमा हेर्दा वर्तमान र भविष्यत् कालमा सामान्य, अपूर्ण र पूर्ण गरी तिनतिन पक्ष हुन्छन् भने भूतकालमा सामान्य, अपूर्ण, पूर्ण, अज्ञात र अभ्यस्त गरी पाँचवटा पक्ष हुन्छन् ।

**भाव :** कुनै पनि अवस्थामा मनमा उठ्ने चिन्तन वा तरङ्गलाई साधारण भाषामा भाव भनिन्छ । यसैलाई प्रष्ट पार्दै कृष्णहरि बराल र नेत्र एटम (२०६६) ले "भाषा प्रयोग गर्ने व्यक्ति (वक्ता वा लेखक) को मनोभाव वा मनशायलाई बुझाउँदा फेरिने क्रियाको रूपलाई भाव भनिन्छ । भावको अभिव्यक्ति क्रियापदको भिन्नताबाट हुन्छ" (पृ. ८९) भनेका छन् । यस्तै हेमाङ्गराज अधिकारीले पनि "क्रियाद्वारा वक्ताको मनोभाव तथा मनोवृत्ति जनाउने कोटिलाई भाव भनिन्छ" (पृ. १३८) भनी भावको बारेमा आफ्नो धारणा व्यक्त गरेका छन् । माथिका दुई भनाइहरूलाई हेर्दा बुझ्न सकिन्छ कि कुनै पनि क्रिया गर्दा व्यक्तिको मनमा उठ्ने विभिन्न मनका भावनाहरू नै भाव हुन् । नेपाली भाषामा भावहरू सामान्य, आज्ञार्थ, इच्छार्थ, सम्भावनार्थ, सङ्केतार्थ गरी पाँच प्रकारका रहेका छन् । जस्तै :

सामान्यार्थ - म रोएँ ।

आज्ञार्थ - तिमी रोऊ ।

इच्छार्थ - तँ रोएस् ।

सम्भावनार्थ - तपाई रुनुहोला ।

सङ्केतार्थ - उनीहरू रोए राम्रो हुन्छ ।

**वाच्य :** वाक्यमा कर्ता, कर्म र भावका काम बुझाउनु वा कुनै एउटासँग सम्बन्ध राख्ने क्रियापद नै वाच्य हो । यसलाई प्रष्ट पार्दै कृष्णहरि बराल र नेत्र एटम (२०६६) ले "वाक्यमा कर्ता, कर्म र भावका आधारमा क्रियापदको रूप परिवर्तन गर्ने तरिकालाई वाच्य भनिन्छ" (पृ. ९३) भनी आफ्नो धारण व्यक्त गरेका छन् । यस्तै

हेमाङ्गराज अधिकारी (२०७१) ले “वाक्यमा कर्ता, कर्म वा भाव (क्रिया) मध्ये कुनै एकैलाई प्रधान मान्ने व्याकरणात्मक युक्तलाई वाच्य भनिन्छ” (पृ. १८२) भनी वाच्यलाई प्रष्ट्याएका छन् । उपर्लिखित भनाइहरूलाई हेर्दा कर्ता, कर्म र भावका आधारमा वा कुनै एकलाई प्रधान मान्ने व्याकरणात्मक स्वरूप नै वाच्य हो । यसैले वाच्यको विषय कर्ता र कर्म वा भाव गरी तिन किसिमका हुन्छन् भन्न सकिन्छ । त्यसैले वाक्यको विषय कर्ता, कर्म र अर्थमध्ये कुनै एकलाई प्रधान ठानी प्रयोग गरिएको क्रियापदको स्वरूपले वाच्यलाई जनाउँछ भनेर जान्न सकिन्छ । कर्तुवाच्य, कर्मवाच्य र भाववाच्य गरी वाच्य तीनप्रकारका हुन्छन् । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

***कर्तृवाच्य :*** व्याकरणको नियमअनुसार क्रियाव्यापारले प्रत्यक्ष रूपमा कर्तापदलाई सङ्केत गर्ने वाच्य नै कर्तृवाच्य हो । यसलाई कृष्णहरि बराल र नेत्र एटम (२०६६) ले “कर्ता मुख्य भई कर्ताकै लिङ्ग, वचन, पुरुष र आदरअनुसार रहेको क्रियापदको रूपलाई कर्तुवाच्य भनिन्छ” (२०६६ : पृ. ९३) भनी आफ्नो धारणा व्यक्त गरेका छन् । यस धारणाबाट बुभ्न सकिन्छ कि कर्ताको लिङ्ग, वचन, पुरुष र आदरअनुसार रहेको क्रियापद नै कर्तुवाच्य हो । कर्तृवाच्यको क्रियापद सकर्मक र अकर्मक दुबै हुन्छन् । जस्तै :

राम पुस्तकहरू पढ्छ । (सकर्मक कर्तृवाच्य)

श्याम हिँड्छ । (अकर्मक कर्तृवाच्य)

***कर्मवाच्य :*** कर्मवाच्यलाई व्याख्या गर्दै कृष्णहरि बराल र नेत्र एटम (२०६६) ले “कर्म मुख्य भई कर्मकै लिङ्ग, वचन, पुरुष र आदरअनुसार रहेको क्रियापदको रूपलाई कर्मवाच्य भनिन्छ” (पृ. ९४) आफ्नो धारणा व्यक्त गरेका छन् । कर्मवाच्यको क्रियापद सकर्मक मात्र हुन्छ । कर्मवाच्य कर्तामा ‘बाट’ वा ‘द्वारा’ विभक्ति जोडिएको हुन्छ र क्रियापदको धातुपछि ‘इ’ थपिएका हुन्छन् । जस्तै :

हरिबाट पुस्तकहरू पढिए । तँद्वारा लेख लेखिँदैन ।

***भाववाच्य :*** धातु उद्देश्य वा लक्ष्यलाई नै भाववाच्य हो भनेर साधारण भाषामा बुभ्न सकिन्छ । यसलाई प्रष्ट पार्दै कृष्णहरि बराल र नेत्र एटम (२०६६) ले “धातुको भाव वा सम्पन्न हुने काम मुख्य भई बन्ने क्रियापदको रूपलाई भाववाच्य भनिन्छ”

(पृ. ९४) भनी भाववाच्यको बारेमा आफ्नो धारणा प्रस्तुत गरेका छन् । यसबाट बुझ्न सकिन्छ कि भाववाच्यमा उद्देश्य वा लक्ष्य नै धातुको अर्थ हो । भाववाच्यको क्रियापद अकर्मक मात्र हुन्छ र तृतीय पुरुष, एकवचन, पुलिङ्ग तथा अनादर रहेको हुन्छ । भाववाच्यको कर्तामा 'बाट' वा 'द्वारा' विभक्ति जोडिन्छ र त्यो गौण बन्दछ, जसले गर्दा यो लोप पनि हुन्छ । क्रियापदमा धातुपछि 'इ' जोडिएको हुन्छ । जस्तै :

(मद्वारा) हाँसियो । (आफू) आज त हिँडिन्छ । (मद्वारा) आइने छ ।

## सारांश

कर्ता, कर्म र क्रियाको सङ्गति मिल्नु नै वाक्यगठन हो । शब्दलाई निश्चित बाटोमा लैजानका लागि अर्थ तथा वाक्यात्मक क्रममा समेत सङ्गति ल्याई भाषालाई सरल, सहज र सुबोध बनाउनु वाक्यगठनको महत्त्वपूर्ण भूमिका हुन्छ । भाषालाई स्तरीय बनाउनुका साथै भाषालाई स्तरीयता प्रदान गर्नका लागि उपयुक्त र नियमसम्मत वाक्यगठनको आवश्यकता पर्दछ । वाक्यगठन भाषा शिक्षणको आधारभूत पक्षको शिक्षण भएकोले व्याकरणात्मक कोटिहरू लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव र वाच्यलाई अलगअलग शिक्षण गर्नुपर्दछ । व्यक्तिले वाक्य रचनामा गर्ने विभिन्न पक्षहरूको हुन सक्दछ । यस्ता वाक्य संरचनामा हुने त्रुटिहरूलाई न्यूनीकरण गरी नेपाली भाषाको शुद्ध स्तरीय मानक वाक्यरचना क्षमता हाँसिल गराई भाषाको प्रयोगमा शुद्धता र मानकता ल्याउन वाक्यगठन क्षमताको अध्ययनले महत्त्पूण भूमिका रहेको हुन्छ । अतः वाक्यगठनलाई भाषाको आधारभूत तह मानिन्छ ।

वाक्यगठन क्षमताका आधारभूत पक्षहरू लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव र वाच्यका आधारमा कर्ता, कर्म र क्रियाको सही सङ्गति मिल्नु नै वाक्यगठन हो । विद्यार्थीहरूमा सही वाक्यगठन गर्ने क्षमताको विकास हुन सकेमात्र भाषा शिक्षण प्रभावकारी भएको मानिन्छ । वाक्यगठनले भाषालाई व्यवस्थित, सान्दर्भिक र अर्थयुक्त बनाउने भएकोले यसलाई भाषाको केन्द्रका रूपमा लिइन्छ । भाषा र भाषा शिक्षणका क्षेत्रमा अध्ययन अनुसन्धाको पनि विषेश महत्त्व रहन्छ । वाक्यगठन क्षमतालाई गरिहरिएर हेर्ने हो भने वाक्यगठन अन्तर्गत नाम, सर्वनाम, विशेषण, क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक, निपात पर्दछन् भने नेपाली भाषाका वाक्यगठनका पक्षहरू लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव र वाच्य पर्दछन् ।

# अध्याय तीन

## अनुसन्धान विधि

प्रस्तुत शोधकार्यमा प्राथमिक र द्वितीयक समाग्री स्रोतको प्रयोग गरिएको छ। यस शोधकार्य सम्पन्न गर्नका लागि अध्ययन विधिका रूपमा मुख्यतः पुस्तकालयीय अध्ययन र क्षेत्रिय अध्ययन विधि (मिश्रित अध्ययन विधि) अवलम्बन गरिएको छ।

## अनुसन्धान ढाँचा

प्रस्तुत शोधकार्यमा अनुसन्धान विधिका रूपमा पुस्तकालयीय अध्ययन र क्षेत्रिय अध्ययन विधि (मिश्रित अध्ययन विधि) अवलम्बन गरिएको हुनाले परिणामात्मक र गुणात्मक अध्ययन ढाँचाको प्रयोग गरिएको छ।

## नमुना छनोट प्रक्रिया

कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमता पहिचान गर्ने प्रस्तुत शीर्षकको अध्ययन कार्य सम्पन्न गर्न निम्न प्रक्रिया अपनाइएको छ :

### जनसङ्ख्याको पहिचान

प्रस्तुत शोधपत्र म्याग्दी जिल्लाका दसओटा विद्यालयका कक्षा आठमा अध्ययनरत एक सयजना विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा लिइएको छ। जसअर्न्तगत पचास जना सामुदायिक र पचास जना संस्थागत विद्यालयका विद्यार्थीहरू समावेश गरिएको छ।

### नमुना छनोट

यस शोधपत्र म्याग्दी जिल्लाका दसवटा विद्यालयका कक्षा आठमा अध्ययनरत प्रत्येक विद्यालयबाट दस/दस जना विद्यार्थी पर्ने गरी नमुना छनोट गरिएको छ। जसमा छात्र र छात्रा दुबैलाई बराबरी सहभागी गरिएको छ।

### तथ्याङ्क सङ्कलनका साधन

प्रस्तुत शोधपत्रलाई सफल, विश्वसनीय बनाउनको लागि प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री निर्माण गरी अध्ययन अनुसन्धान गरिएको  छ। प्रस्तुत शोधपत्र पूरा गर्नको लागि आवश्यक पर्ने सामग्रीहरू निम्नलिखित दुई स्रोतबाट सङ्कलन गरिएको छ :

**प्राथमिक स्रोत :** अनुसन्धानकर्ता आफैं विभिन्न साधनहरूको उपयोग गरेर सङ्कलन गरिएका सामग्रीलाई प्राथमिक स्रोत भनिन्छ । प्राथमिक स्रोतका बारेमा “शोधकर्ता आफैँले खोजेर प्रयोग गरेको सामग्रीलाई प्राथमिक स्रोतबाट प्राप्त सामग्री वा प्राथमिक सामग्री भनिन्छ । यस्ता सामग्री प्राप्त गर्ने प्रमुख स्रोत शोधकर्ताको आफ्नो प्रयोग, सर्वेक्षण, अवलोकन, प्रश्नावली, अन्तर्वार्ता, विभिन्न प्रतिवेदनबाट प्राप्त सूचना, कृति आदि हुन्छन्” (पौड्याल, २०६९ : पृ. ११७) भनी व्याख्या गरेका छन् । प्रस्तुत अध्ययन कार्यका लागि म्याग्दी जिल्लाका पाँचवटा सामुदायिक र संस्थागत विद्यालयका सयजना विद्यार्थीहरूबाट प्राप्त परीक्षणीय उत्तरपुस्तिकाहरू र नेपाली भाषा शिक्षकलाई प्राथमिक स्रोतका सामग्रीका रूपमा समावेश गरेर यो अध्ययन अगाडि बढाइएको छ ।

**द्वितीयक स्रोत :** कुनै पनि अध्ययन, अनुसन्धानमा तथ्याङ्क सङ्कलन गर्ने क्रममा प्राथमिक स्रोतका अतिरिक्त अन्य स्रोतलाई द्वितीय स्रोत भनिन्छ । यसलाई प्रष्ट पार्दै “अन्य अनुसन्धानकर्ता, लेखक आदिबाट प्राप्त सामग्रीलाई द्वितीय स्रोतबाट प्राप्त सामग्री वा दोयम सामग्री भनिन्छ” (पौड्याल, २०६९, पृ. ११८) भनेका छन् । यसैले प्रस्तुत शोधलाई सम्पन्न गर्नका लागि अध्ययनको तथ्याङ्क सङ्लनका द्वितीय स्रोतको रूपमा वाक्यगठनसँग सम्बन्धित प्रश्नहरू, पाठ्यपुस्तक, शोधपत्र, पत्रपत्रिका, लेखरचना आदिलाई प्रयोग गरिएको छ ।

**तथ्याङ्क सङ्कलन**


अनुसन्धानमा तथ्याङ्क सङ्कलनको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । प्रस्तुत शोधकार्यलाई व्यवस्थित, स्तरीय र वैध बनाउनको लागि पुस्तकालयीय विधिलाई उपयोग गरिएको छ भने द्वितीयक स्रोतका सामग्रीहरू पनि शोधपत्र, लेख, रचना, सङ्घसंस्था, इन्टरनेट, पत्रपत्रिका आदि स्रोतबाट सङ्कलन गरिएको छ । शोधपत्रलाई पूर्णता दिनका लागि शोधकार्यमा विषयगत र स्वतन्त्र लेखनजस्ता प्रश्नहरू निर्माण गरिएको छ । तिनै प्रश्नहरूलाई नमुना छनोटमा परेका सामुदायिक र संस्थागत गरी दसवटा विद्यालयमा पुगेर प्रति विद्यालय दस जनाका दरले नमुना छनोटमा परेका विद्यार्थीहरूबाट सामग्री सङ्कलन गरिएको छ । विद्यार्थीहरूलाई प्रश्नपत्रमै उत्तर लेख्ने व्यवस्था मिलाइएको छ । विषयगत प्रश्नमा निर्देशनका आधारमा परिवर्तन गर्नुपर्ने र स्वतन्त्र लेखनमा ‘वातावरण प्रदूषण’

शीर्षक आदि स्रोतहरूबाट सङ्कलन गरिएको छ । उनीहरूबाट प्राप्त उत्तरबाट लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, वाच्यका आधारमा मूल्याङ्कन गरिएको छ ।

## अवधारणात्मक ढाँचा

प्रस्तुत शोधकार्यको अवधाराणात्मक ढाँचा निम्नानुसार रहेको छ :

चित्र सङ्ख्या १ : *अवधारणात्मक ढाँचा*




## तथ्याङ्क विश्लेषण

प्रस्तुत अध्ययन परिमाणात्मक प्रकृतिको हुने भएकाले प्राथमिक द्वितीयक स्रोतबाट प्राप्त सामग्रीलाई मुख्यतः पुस्तकालयीय अध्ययन विधि र क्षेत्रीय अध्ययन (मिश्रित अध्ययन विधि) तथ्याङ्कको विश्लेषण गएिको छ । यहाँ कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले वाक्यगठनका विभिन्न पक्षहरू (लिङ्ग, वचन, पुरुष, आदर, काल, भाव, पक्ष र वाच्य आदि) मा केकस्ता गल्ती गरेका छन् र कति राम्रो गरेका छन्, सबैभन्दा बढी कुन पक्षमा त्रुटि गरे र सबैभन्दा कम त्रुटि कुन पक्षमा गरे, तिनको उत्तरकुञ्जिका तयार पारी उत्तरपुस्तिकाको परीक्षण गरी व्याख्या विश्लेषणका आधारमा विद्यार्थीहरूले सबल र दुर्बल पक्षहरूलाई तालिकीकरण गरिएको छ, साथै छात्र र छात्रा, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनात्मक अध्ययन गरी तालिकीकरण गरी व्याख्या गरिएको छ ।

## नतिजा र छलफल

प्रस्तुत शोधकार्य म्याग्दी जिल्लाका पाँच वटा सामुदायिक र पाँच वटा संस्थागत विद्यालयका कक्षा आठमा अध्ययनरत सयजना विद्यार्थीहरूलाई 'वातावरण प्रदूषण' शीर्षक दिई उनीहरूबाट प्राप्त लिखित उत्तरबाट लिङ्ग, वचन, पुरुष, आदर, काल, भाव, पक्ष र वाच्यका वाक्यगठन क्षमताको अध्ययनमा गरिएको छ । उनीहरूले वाक्यगठनका विभिन्न पक्षहरू (लिङ्ग, वचन, पुरुष, आदर, काल, भाव, पक्ष र वाच्य आदि) मा विद्यार्थीहरूले केकस्ता गल्ती गरेका छन् र कति राम्रो गरेका छन्, सबैभन्दा बढी कुन पक्षमा त्रुटि गरे र सबैभन्दा कम त्रुटि कुन पक्षमा गरे, तिनको उत्तरकुञ्जिका तयार पारी उत्तरपुस्तिकाको परीक्षण गरी व्याख्या विश्लेषणका आधारमा विद्यार्थीहरूले सबल र दुर्बल पक्षहरूलाई तालिकीकरण गरिएको छ, साथै छात्र र छात्रा, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनात्मक अध्ययन गरी तालिकीकरण र त्यसको व्याख्या तथा विश्लेषण गरिएको छ । तथ्याङ्क सङ्कलनका क्रममा 'वातावरण प्रदूषण' शीर्षकमा लेखिएको उत्तरपुस्तिकाहरूमा अङ्कन गरिएका प्राप्ताङ्कलाई लैङ्गिक, विद्यालयको प्रकृतिका आधारमा तालिकाबद्ध गरिएको छ । उक्त निष्कर्षलाई मध्यमान, मानक विचलन तथा प्रतिशताङ्कका आधारमा विद्यार्थीहरूको निष्कर्ष निकालिएको छ । यसरी विश्लेषण गरिएको तथ्याङ्कलाई तालिकीकरण एवम् त्यसको व्याख्या र स्तम्भचित्रमा प्रस्तुत गरी स्पष्ट पारिएको छ । प्राप्त तथ्याङ्कलाई विश्लेषणका लागि निम्नानुसारका तथ्याङ्कशास्त्रीय विधि (सूत्र) हरूको प्रयोग गरिएको छ :

(क) प्रतिशताङ्क (Percentage) गणना गर्न उपयोगमा ल्याइएको सूत्र

$$P = \frac{R}{T} \times 100$$

यहाँ

P = प्रतिशत

R = तोकिएको श्रेणीमा प्राप्ताङ्क ल्याउन सफल प्रतिशत

T = जम्मा विद्यार्थी संख्या

(ख) मध्यमान (Mean) गणना गर्न प्रयोगमा ल्याइएका सूत्र

$$\bar{X} = \frac{\sum fm}{N}$$

यहाँ

$\bar{X}$ = मध्यमान

f = आवृत्ति

m = प्राप्ताङ्क वर्गान्तरको मध्यविन्दु

Σm = आवृत्ति र प्राप्ताङ्क वर्गान्तरको मध्यविन्दुको गुणनफलको योगफल

N = जम्मा विद्यार्थी सङ्ख्या

(ग) मानक विचलन (Standard Deviation) गणना गर्दा उपयोगमा ल्याइएको सूत्र

$$\sigma = \sqrt{\frac{\sum fd^2}{N}}$$

यहाँ

Σ = योगफल

*f* = विद्यार्थीको आवृत्ति

σ = मानक विचलन

d = मध्यविन्दु र मध्य अङ्क घटाएर श्रेणीमा चलहरू बीचको अन्तरले गुणन गर्दा आएको गुणनफल

**अध्ययनको रूपरेखा**

प्रस्तुत शोधपत्रमा पाँच अध्याय रहेका छन् । पहिलो अध्यायमा शोधपरिचय रहेको छ, जसमा अध्ययनको पृष्ठभूमि, समस्याकथन, उद्देश्य, शोधको औचित्य, सीमाङ्कन रहेका छन् भने दोस्रो अध्यायमा सम्बन्धित कार्यको पुनरावलोकन गरिएको छ । उक्त अध्यायमा सैद्धान्तिक पुनरावलोकन र प्रायोगिक पुनरावलोकन, पूर्वकार्यको पुनरावलोकनको अनुप्रयोगका साथै वाक्यगठनका अवधारणात्मक ढाँचा, वाक्यगठनको परिचय, वाक्यगठनका पक्षहरू प्रस्तुत गरिएको छ भने अन्त्यमा सारांश प्रस्तुत गरिएको छ । तेस्रो अध्यायलाई ‘अनुसन्धान विधि’ शीर्षक राखिएको छ, जसमा अनुसन्धानको ढाँचा, नमुना छनोट प्रक्रिया, तथ्य सङ्कलनका साधन र तथ्य सङ्कलन रहेका छन् । नतिजा र छलफल, अध्ययनको रूपरेखा र यस अध्यायको सारांश प्रस्तुत गरिएको छ । चौथो अध्यायमा वाक्यगठन क्षमताको विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा वर्गीकरण गरी सामग्री सङ्कलनबाट प्राप्त

तथ्याङ्कहरूलाई तालिकीकरण, स्तम्भचित्र प्रस्तुत गरी व्याख्या गरिएको छ । यस अध्यायभित्र विद्यालयको प्रकृति र विद्यार्थीको लङ्गिक आधारमा व्याख्या र विश्लेषण गरिएको छ । यसैगरी पाँचौं तथा अन्तिम अध्यायमा शोधकार्यको निष्कर्ष र उपादेयता प्रस्तुत गरिएको छ भने शोधपत्रको अन्त्यमा सन्दर्भ ग्रन्थसूची, परिशिष्टहरूका साथै व्यक्तिवृत्त प्रस्तुत गरी प्रस्तुत शोधकार्यलाई पूरा गरिएको छ ।

## सारांश

प्रस्तुत अध्यायलाई 'अनुसन्धान विधि' शीर्षक दिइएको छ । यस शीर्षकअन्तर्गत अनुसन्धान ढाँचा, नमुना छनोट प्रक्रिया, तथ्याङ्क सङ्कलन प्रक्रिया, अवधारणात्मक ढाँचा, तथ्याङ्क विश्लेषण, नतिजा र शीर्षक, शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ भने अन्त्यमा यस अध्यायको सारांश प्रस्तुत गरिएको छ । यस अध्यायमा अनुसन्धान कार्य गर्दा अपनाइएका विधिको ढाँचाअन्तर्गत पुस्तकालयीय र क्षेत्रीय अध्ययन विधिद्वारा गुणात्मक अध्ययन ढाँचाको प्रयोग, शोधकार्य पूरा गर्न अपनाइएको नमुना छनोट प्रक्रियामा जनसङ्ख्याको पहिचान र नमुना छनोट, तथ्याङ्क सङ्कलन प्रक्रियाअन्तर्गत प्राथमिक स्रोत र द्वितीयक स्रोतको प्रयोग गरी तथ्याङ्क सङ्कलनलाई पनि प्रस्तुत गरिएको छ । तथ्याङ्कलाई तथ्यपरक बनाउनका लागि प्रतिशत, मध्यमान र मानक विचलनको सूत्र प्रयोग गरिएको छ ।

# अध्याय चार

## समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन

प्रस्तुत अध्यायमा म्याग्दी जिल्लामा रहेका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका दसदसजनाका दरले सयजना विद्यार्थीहरूलाई नमुना प्रतिनिधिको रूपमा छनोट गरिएको छ। वाक्यगठन क्षमताको परीक्षणका लागि विद्यार्थीहरूलाई दिइएको 'वातावरण प्रदूषण' शीर्षकमा लेख्न लगाइ उनीहरूबाट प्राप्त उत्तरबाट प्राप्त गरेका अङ्कलाई मुख्य आधार बनाइएको छ। उक्त अध्ययनलाई तथ्यपरक र विश्वसनीय बनाउन परीक्षणबाट प्राप्त तथ्याङ्कलाई तालिकीकरण गरी प्रतिशत, मध्यमान र मानक विचलनजस्ता तथ्याङ्कशास्त्रीय विधिलाई उपयोग गरिएको छ। यसका साथै प्राप्त तथ्याङ्कको तालिकालाई व्याख्या गरी स्तम्भचित्रबाट समेत स्पष्ट पारिएको छ। विद्यार्थीको वाक्यगठन क्षमताा अध्ययनका लागि वचन, पुरुष, वाच्य, काल र आदरलाई आधार बनाइएको छ। यहाँ समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययनका लागि लिइएको परीक्षामा प्राप्त नतिजालाई तल तालिकामा प्रस्तुत गरिएको छ :

तालिका सङ्ख्या १, *समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन*

| विद्यार्थी सङ्ख्या | ०-२५ सम्म | | २६-४० सम्म | | ४१-५५ सम्म | | ५६-७५ सम्म | | ७६ देखि माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ८ | ८ | ९ | ९ | १८ | १८ | ४५ | ४५ | २० | २० |


स्रोत : स्थलगत अध्ययन, २०७८।

प्रस्तुत तालिकाअनुसार समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको परीक्षणबाट प्राप्त प्राप्ताङ्क गणना गरिएको छ। नमुना छनोटमा परेका कुल विद्यार्थीहरूको प्राप्ताङ्कलाई पाँच श्रेणीको रूपमा विभाजन गरिएको छ। समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन गर्दा ० देखि २५ सम्म प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ८ अथवा ८ प्रतिशत रहेको देखिन्छ। त्यस्तै २६ देखि ४० का बिचमा ९ जना अर्थात ९ प्रतिशत रहेको छ। ४१ देखि ५५ सम्म प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १८ अथवा १८ प्रतिशत रहेको देखिन्छ। ५६ देखि ७५ सम्म प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ४५

जना अर्थात् ४५ प्रतिशत रहेको छ । त्यसैगरी ७६ देखि माथि प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २० जना अर्थात् २० प्रतिशत रहेको छ ।

यसरी उच्च अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ४५ अथवा ४५ प्रतिशत रहेको देखिन्छ भने अति न्यूनतम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ८ अर्थात् ८ प्रतिशत रहेको देखिन्छ । यसरी समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको प्रतिशताङ्क तालिका अध्ययन गर्दा उच्च अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या धेरै रहेकाले समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमता सबल रहेको देखिन्छ । यस तथ्यलाई तलको स्तम्भले पनि पुष्टि गर्दछ :

स्तम्भचित्र १, *समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमता*




स्रोत : तालिका सङ्ख्या १ ।

प्रस्तुत स्तम्भचित्रलाई अध्ययन गर्दा समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको परीक्षणबाट प्राप्त प्राप्ताङ्कलाई देखाइएको छ । नमुना छनोटमा परेका समग्र विद्यार्थीहरूको प्राप्ताङ्कलाई पाँच श्रेणीको रूपमा विभाजन गरिएको छ । समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन गर्दा अति न्यून अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ८ अथवा ८ प्रतिशत नै रहेको देखिन्छ । त्यस्तै न्यूनतम अङ्क प्राप्त गर्ने ९ जना अर्थात् ९ प्रतिशत रहेको छ । मध्यम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १८ अथवा १८ प्रतिशत रहेको देखिन्छ । उच्च अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ४५ जना अर्थात् ४५ प्रतिशत

रहेको छ । त्यसैगरी उच्चतम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २० जना अर्थात् २० प्रतिशत रहेको छ ।

उपर्लिखित स्तम्भचित्रको अध्ययनबाट उच्च अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ४५ अथवा ४५ प्रतिशत रहेको देखिन्छ भने अति न्यूनतम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ८ अर्थात् ८ प्रतिशत रहेको देखिन्छ । यसरी समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको प्रतिशताङ्क तालिका अध्ययन गर्दा उच्च अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या धेरै रहेकाले समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमता सन्तोषजनक रहेको देखिन्छ

## मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको तथ्याङ्क

म्याग्दी जिल्लाका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत गरी दसवटा विद्यालयका प्रति विद्यालय पाँचजना छात्र र पाँच जना छात्रा गरी कक्षा आठमा अध्ययनरत सयजना विद्यार्थीहरूमध्ये नमुना छनोटमा परेका सयजना विद्यार्थीहरूको समग्र वाक्यगठन क्षमताको स्थितिलाई तालिका २ मा निम्नानुसार प्रस्तुत गरिएको छ :

तालिका सङ्ख्या २, *मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमता तथ्याङ्क*


| विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ३५.७६ | १२.६२ | ५२ | ५२ | ४८ | ४८ |

स्रोत : स्थलगत अध्ययन, २०७८ ।

माथिको तालिकालाई अध्ययन गर्दा मध्यमान ३५.७६ छ भने मानक विचलन १२.६२ रहेको छ । मध्यमानलाई आधार बनाएर अध्ययन गर्दा मध्यमानभन्दा माथि र मध्यमानभन्दा तल दुई समूह निर्धारण गरिएको छ । कुल विद्यार्थी सङ्ख्यामध्ये मध्यमानभन्दा माथि प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ५२ अर्थात् ५२ प्रतिशत रहेको कुल विद्यार्थी सङ्ख्यामध्ये मध्यमानभन्दा तल प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ४८ अर्थात् ४८ प्रतिशत रहेको छ । मध्यमानभन्दा माथि र मध्यमानभन्दा तल वाक्यगठन क्षमता भएका विद्यार्थीहरूको

सङ्ख्याको अन्तर ४ प्रतिशत रहेको छ । यसबाट कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमता राम्रो रहेको देखिन्छ । यस तथ्यलाई तलको स्तम्भले पनि पुष्टि गर्दछ :

स्तम्भचित्र २, *मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमता तथ्याङ्क*




स्रोत : तालिका सङ्ख्या २ ।

प्रस्तुत स्तम्भचित्रलाई अध्ययन गर्दा मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको तथ्याङ्क प्रस्तुत गरिएको छ । समग्र विद्यार्थीहरूबाट प्राप्त तथ्याङ्कलाई हेर्दा मध्यमान ३५.७६ छ भने मानक विचलन १२.६२ रहेको छ । मध्यमानलाई आधार बनाएर अध्ययन गर्दा मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ५२ अर्थात् ५२ प्रतिशत रहेको छ भने मध्यमानभन्दा तल प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ४८ अर्थात् ४८ प्रतिशत रहेको छ । मध्यमानभन्दा माथि र मध्यमानभन्दा तलको अन्तर ४ प्रतिशत रहेकाले कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमता राम्रो रहेको देखिन्छ ।

## लैङ्गिक आधारमा छात्रा विद्यार्थीहरूको वाक्यगठन क्षमता तथ्याङ्क

यस शीर्षकअन्तर्गत म्याग्दी जिल्लामा अवस्थित पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयहरूका पचासजना छात्र र पचासजना छात्राहरूलाई 'वातावरण प्रदुषण' शीर्षकमा लेख लेख्न वाक्यगठनसम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ । नमुना छनोटमा परेका ती विद्यालयहरूबाट सङ्कलन गरिएका सूचनालाई तालिकीकरण, व्याख्या र

स्तम्भचित्र बनाई छात्रा विद्यार्थीहरूको वाक्यगठन क्षमताको निम्नानुसार व्याख्या र विश्लेषण गरिएको छ :

तालिका सङ्ख्या ३, *लैङ्गिक आधारमा छात्रा विद्यार्थीहरूको वाक्यगठन क्षमताको प्रतिशताङ्क*


| विद्यार्थी सङ्ख्या | ०-२५ सम्म | | २६-४० सम्म | | ४१-५५ सम्म | | ५६-७५ सम्म | | ७६ देखि माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | १ | २ | ६ | १२ | ८ | १६ | २४ | ४८ | ११ | २२ |

स्रोत : स्थलगत अध्ययन, २०७८ ।

माथिको तालिकाअनुसार म्याग्दी जिल्लामा अवस्थित पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयमा कक्षा आठमा अध्ययनरत ५० जना छात्रा विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्क प्रतिशतका आधारमा पाँच श्रेणीमा विभाजन गरिएको छ । छात्रा विद्यार्थीहरूको वाक्यगठन क्षमतालाई अध्ययन गर्दा ०-२५ सम्म प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १ अथवा २ प्रतिशत रहेको देखिन्छ । त्यस्तै २६ देखि ४० सम्म प्राप्त गर्ने छात्राको सङ्ख्या ६ जना अर्थात् १२ प्रतिशत रहेको छ । ४१ देखि ५५  सम्म प्राप्ताङक प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ८ अथवा १६ प्रतिशत रहेको छ । ५६ देखि ७५ सम्म प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २४ जना अर्थात् ४८ प्रतिशत रहेको छ । त्यसैगरी ७६ देखि माथि प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ११ जना अर्थात् २२ प्रतिशत रहेको छ ।

यस अध्ययनबाट सबैभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १ जना अर्थात् २ प्रतिशत रहेको छ भने सबैभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ११ अर्थात् २२ प्रतिशत रहेको छ । यस अध्ययनबाट छात्रा विद्यार्थीहरूको वाक्यगठन क्षमताको प्रतिशताङ्क तालिका अध्ययन गर्दा राम्रो अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या धेरै रहेकाले समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमता सबल रहेको देखिन्छ । यस तथ्यलाई तलको स्तम्भचित्रले पनि पुष्टि गर्दछ :

स्तम्भचित्र ३, *लैङ्गिक आधारमा छात्रा विद्यार्थीहरूको वाक्यगठन क्षमताको प्रतिशताङ्क*




स्रोत : तालिका सङ्ख्या ३ ।

प्रस्तुत स्तम्भचित्रमा लैङ्गिक आधारमा कक्षा आठमा अध्ययनरत ५० जना छात्रा विद्यार्थीहरूको प्रतिशताङ्क तथ्याङ्क प्रस्तुत गरिएको छ । उनीहरूबाट प्राप्त प्राप्ताङ्क लाई अति न्यून, न्यूनतम, मध्यम, उच्च र उच्चतम गरी पाँच श्रेणीमा विभाजन गरिएको छ । उनीहरूबाट प्राप्त तथ्याङ्कलाई हेर्दा सबैभन्दा कम अर्थात् अति न्यून अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या १ जना अथवा २ प्रतिशत रहेको देखिन्छ । न्यूनतम अङ्क प्राप्त गर्ने छात्राको सङ्ख्या ६ जना अर्थात् १२ प्रतिशत; मध्यम अङ्क प्राप्त गर्ने छात्राको सङ्ख्या ८ जना अर्थात् १६ प्रतिशत; उच्च अङ्क प्राप्त गर्ने छात्राको सङ्ख्या २४ जना अर्थात् ४८ प्रतिशत रहेको छ र उच्चतम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ११ जना अर्थात् २२ प्रतिशत रहेको छ ।

यस अध्ययनबाट सबैभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १ जना अर्थात् २ प्रतिशत रहेको छ भने सबैभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ११ अर्थात् २२ प्रतिशत रहेको छ । यस अध्ययनबाट छात्रा विद्यार्थीहरूको वाक्यगठन क्षमताको प्रतिशताङ्क अध्ययन गर्दा राम्रो अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या धेरै रहेकाले समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

**मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको वाक्यगठन क्षमता तथ्याङ्क**

म्याग्दी जिल्लामा अवस्थित पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयहरूमा कक्षा आठमा अध्ययनरत ५० जना छात्रा विद्यार्थीहरूको समग्र वाक्यगठन

क्षमतालाई मध्यमान र मानक विचलनका आधारमा तालिका ४ मा निम्नानुसार स्पष्ट पारिएको छ :


तालिका सङ्ख्या ४, *मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको वाक्यगठन क्षमता तथ्याङ्क*

| विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ३७.५६ | ११.०१ | २६ | ५२ | २४ | ४८ |

स्रोत : स्थलगत अध्ययन, २०७८ ।

माथिको तालिकाअनुसार मध्यमान ३७.५६ रहेको छ । त्यसैगरी मानक विचलन ११.०१ रहेको छ । मध्यमानलाई आधार बनाएर हेर्दा मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या २६ अर्थात् ५२ प्रतिशत छ भने मध्यमानभन्दा तल अङ्क प्राप्त गर्ने छात्राहरूको सङ्ख्या २४ अर्थात् ४८ प्रतिशत रहेको छ । यसरी मध्यमानलाई आधार मानेर व्याख्या गर्दा मध्यमानभन्दा माथि र तल वाक्यगठन क्षमता भएका छात्रा विद्यार्थीहरूको बिचमा खासै अन्तर रहेको देखिँदैन । जसबाट छात्रा विद्यार्थीहरूको वाक्यगठन क्षमता सन्तोषजनक रहेको देखिन्छ । मानक विचलन ११.०१ देखिएकोले मानक विचलन जति धेरै विचलित हुन्छ त्यतिनै असन्तुष्टि हुन्छ । मानक विचलन ११.०१ देखिनुको अर्थ कक्षा आठमा अध्ययन गर्ने छात्रा विद्यार्थीहरूको वाक्यगठन क्षमतामा एकरूपता पाइएको छ । यस तथ्यलाई तलको स्तम्भचित्रले अझ प्रष्ट पार्छ :

स्तम्भचित्र ४, *मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको वाक्यगठन क्षमता तथ्याङ्क*




स्रोत : तालिका सङ्ख्या ४ ।

प्रस्तुत स्तम्भचित्रमा मध्यमान ३७.५६ र मानक विचलन ११.०१ रहेको छ। मध्यमान र मानक विचलनलाई आधार बनाएर छात्रा विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन गर्दा मध्यमानभन्दा माथि २६ जना अर्थात् ५२ प्रतिशत छ भने मध्यमानभन्दा तल २४ जना अर्थात् ४८ प्रतिशत रहेको छ। विचलन जति धेरै विचलित हुन्छ त्यति नै असन्तुष्टि हुने हुनाले मानक विचलन ११.०१ देखिएकोले छात्रा विद्यार्थीहरूको वाक्यगठन क्षमतामा एकरूपता पाइएको छ।

**छात्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन**

यस शीर्षकअन्तर्गत म्याग्दी जिल्लामा अवस्थित पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयहरूका पचासजना छात्र छात्राहरूको वाक्यगठनसम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको छ। नमुना छनोटमा परेका ती विद्यालयहरूबाट सङ्कलन गरिएका सूचनालाई तालिकीकरण, व्याख्या र स्तम्भचित्र बनाई छात्रा विद्यार्थीहरूको वाक्यगठन क्षमताको निम्नानुसार व्याख्या र विश्लेषण गरिएको छ :

तालिका सङ्ख्या ५, *छात्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको प्रतिशताङ्क*

| विद्यार्थी सङ्ख्या | ०-२५ सम्म | | २६-४० सम्म | | ४१-५५ सम्म | | ५६-७५ सम्म | | ७६ देखि माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ७ | १४ | ३ | ६ | १० | २० | २१ | ४२ | ९ | १८ |


स्रोत : स्थलगत अध्ययन, २०७८।

प्रस्तुत तालिकामा म्याग्दी जिल्लाका कक्षा आठमा अध्ययनरत ५० जना छात्र विद्यार्थीहरूले वाक्यगठन क्षमतालाई प्रस्तुत गरिएको छ। उनीहरूले प्राप्त गरेको प्राप्ताङ्क प्रतिशतका आधारमा पाँच श्रेणीमा विभाजन गरिएको छ। जसमा ०-२५ सम्म वाक्यगठन क्षमता भएका छात्र विद्यार्थीहरूको सङ्ख्या ७ अथवा १४ प्रतिशत रहेको छ त्यसैगरी २६ देखि ४० सम्म अङ्क प्राप्त गर्ने छात्रको विद्यार्थीहरूको सङ्ख्या ३ जना अर्थात् ६ प्रतिशत रहेको छ। ४१ देखि ५५ सम्म अङ्क प्राप्त गर्ने छात्र विद्यार्थीहरूको सङ्ख्या १० अथवा २० प्रतिशत रहेको छ। ५६ देखि ७५ सम्म प्राप्ताङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ९ जना अर्थात् १८ प्रतिशत रहेको छ। अन्त्यमा ७६ देखि माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ९ जना अर्थात् १८ प्रतिशत रहेको छ।

प्रस्तुत अध्ययनबाट सबैभन्दा बढी अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या ९ जना अर्थात् १८ प्रतिशत र सबैभन्दा कम अङ्क प्राप्त गर्ने छात्र विद्यार्थीहरूको सङ्ख्या ७ अर्थात्

१४ प्रतिशत रहेकाले छात्र विद्यार्थीहरूको वाक्यगठन क्षमता मध्यम रहेको देखिन्छ । यस तथ्यलाई तलको स्तम्भचित्रले अझ प्रष्ट पार्छ :

स्तम्भचित्र ५, *छात्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको प्रतिशताङ्क*




स्रोत : तालिका सङ्ख्या ५ ।

प्रस्तुत स्तम्भचित्रमा ५० जना छात्र विद्यार्थीहरूले वाक्यगठन क्षमताको प्रतिशताङ्कलाई उनीहरूले प्राप्त गरेको प्राप्ताङ्क प्रतिशतका आधारमा पाँच श्रेणीमा विभाजन गरिएको छ । जसमा अति न्यून अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १४ प्रतिशत, न्यूनतम अङ्क प्राप्त गर्ने छात्रको सङ्ख्या ६ प्रतिशत रहेको छ, मध्यम अङ्क प्राप्त गर्ने छात्रको सङ्ख्या २० प्रतिशत रहेको छ, उच्च अङ्क प्राप्त गर्ने छात्रको सङ्ख्या १८ प्रतिशत रहेको छ । अन्त्यमा ७६ देखि माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ९ जना अर्थात् १८ प्रतिशत रहेको छ ।

प्रस्तुत अध्ययनबाट सबैभन्दा बढी अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या ९ जना अर्थात् १८ प्रतिशत र सबैभन्दा कम अङ्क प्राप्त गर्ने छात्र विद्यार्थीहरूको सङ्ख्या ७ अर्थात् १४ प्रतिशत रहेकाले छात्र विद्यार्थीहरूको वाक्यगठन क्षमता मध्यम रहेको देखिन्छ ।

**मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको वाक्यगठन क्षमता तथ्याङ्क**

म्याग्दी जिल्लामा अवस्थित पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयहरूमा कक्षा आठमा अध्ययनरत ५० जना छात्र विद्यार्थीहरूको समग्र वाक्यगठन क्षमतालाई मध्यमान र मानक विचलनका आधारमा तालिका ४ मा निम्नानुसार स्पष्ट पारिएको छ :

तालिका सङ्ख्या ६, *मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको वाक्यगठन क्षमता तथ्याङ्क*


| विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ३३.९६ | १३.८३ | २८ | ५६ | २२ | ४४ |

स्रोत : स्थलगत अध्ययन, २०७८ ।

प्रस्तुत तालिकामा छात्र विद्यार्थीहरूको मध्यमान ३३.९६ देखिन्छ भने मानक विचलन १३.८३ देखिन्छ । मध्यमानलाई आधार बनाई मध्यमानभन्दा माथि र मध्यमानभन्दा तल गरी दुई समूहमा वर्गीकरण गरिएको छ । कुल छात्र सङ्ख्या ५० मध्येबाट मध्यमानभन्दा माथिको सङ्ख्या २८ अर्थात् ५६ प्रतिशत र मध्यमानभन्दा माथिको सङ्ख्या २२ अर्थात् ४४ प्रतिशत रहेको छ । यसरी मध्यमानभन्दा माथि र मध्यमानभन्दा तल वाक्यगठन क्षमता भएका छात्र विद्यार्थीहरूको बिचमा धेरै अन्तर नरहेकोले सन्तोषजनक रहेको देखिन्छ ।

माथिको तालिकामा मानक विचलन १३.८३ देखिएको छ । यसले कक्षा आठमा अध्ययनरत छात्र विद्यार्थीहरूको वाक्यगठन क्षमता सन्तोषजनक नै रहेको पाइएको छ । यस तथ्यलाई तलको स्तम्भचित्रले अझ प्रष्ट पार्छ :

स्तम्भचित्र ६, *मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको वाक्यगठन क्षमता तथ्याङ्क*




स्रोत : तालिका सङ्ख्या ६ ।

प्रस्तुत स्तम्भचित्रअनुसार छात्र विद्यार्थीहरूको मध्यमान ३३.९६ देखिन्छ भने मानक विचलन १३.८३ देखिन्छ । कुल छात्र सङ्ख्या ५० मध्येबाट मध्यमानभन्दा माथिको सङ्ख्या २८ अर्थात् ५६ प्रतिशत र मध्यमानभन्दा माथिको सङ्ख्या २२ अर्थात् ४४ प्रतिशत रहेको छ । यसरी मध्यमानभन्दा माथि र मध्यमानभन्दा तल वाक्यगठन क्षमता भएका छात्र विद्यार्थीहरूको बिचमा धेरै अन्तर नरहेकोले सन्तोषजनक रहेको देखिन्छ ।

**लैङ्गिक आधारमा समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलना**

म्याग्दी जिल्लामा अवस्थित पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयहरूमा कक्षा आठमा अध्ययनरत ५० जना छात्र र ५० जना छात्रा विद्यार्थीहरूको समग्र वाक्यगठन क्षमतालाई मध्यमान र मानक विचलनका आधारमा तालिका ७ मा निम्नानुसार स्पष्ट पारिएको छ

तालिका सङ्ख्या ७, *लैङ्गिक आधारमा समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलना*

| समूह | संख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक विचलन | मध्यमानभन्दा माथि | मध्यमानभन्दा तल |
|---|---|---|---|---|---|---|---|
| छात्र | ५० | ३३.९६ | ३५.७६ | १३.८३ | १२.४२ | २८ | २२ |
| छात्रा | ५० | ३७.५६ | | ११.०१ | | २६ | २४ |


स्रोत : स्थलगत अध्ययन, २०७८ ।

प्रस्तुत तालिकामा पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका १०० जना विद्यार्थीहरूको तथ्याङ्क रहेको छ । लैङ्गिकताका आधारमा ५० जना छात्र र ५० जना छात्रा विद्यार्थीहरू रहेका छन् । छात्र र छात्रा दुवै समूहले प्राप्त गरेको समग्र मध्यमान ३५.७६ र समग्र मानक विचलन १२.४२ रहेको छ । छात्रा विद्यार्थीहरूले वाक्यगठन क्षमतामा प्राप्त गरेको मध्यमान समग्र मध्यमानभन्दा १.८ ले कम देखिएको छ । छात्र विद्यार्थीहरूको भन्दा छात्रा विद्यार्थीहरूको मध्यमान समग्र मध्यमानभन्दा बढी देखिएकाले छात्रभन्दा छात्राको वाक्यगठन क्षमता सन्तोषजनक देखिएको छ ।

मानक विचलनका आधारमा हेर्दा छात्र विद्यार्थीहरूको १३.८३ र छात्रा विद्यार्थीहरूको ११.०१ रहेको छ । जसको अन्तर २.८२ रहेको छ । समग्र मानक विचलनभन्दा छात्रा विद्यार्थीहरूको मानक विचलन १.४१ ले कमी छ भने छात्र विद्यार्थीहहरूको मानक विचलन समग्र मानक विचलनभन्दा १.४१ ले बढी देखिन्छ । यसबाट प्रष्ट हुन्छ की छात्र विद्यार्थीहरूको तुलनामा छात्राहरूको मानक विचलन कमी रहेको कारणले उनीहरूको


वाक्यगठन क्षमतामा एकरूपता रहेको पाइन्छ । यस तथ्यलाई तलको स्तम्भचित्रले अझ प्रष्ट पार्छ :

स्तम्भचित्र ७, *लैङ्गिक आधारमा छात्र विद्यार्थीको वाक्यगठन क्षमता*




स्रोत : तालिका सङ्ख्या ७ ।

स्तम्भचित्र ८, *लैङ्गिक आधारमा छात्रा विद्यार्थीको वाक्यगठन क्षमता*




स्रोत : तालिका सङ्ख्या ७ ।

प्रस्तुत छात्र र छात्राको स्तम्भचित्रमा ५० जना छात्र र ५० जना छात्रा विद्यार्थीहरूले प्राप्त गरेको समग्र मध्यमान ३५.७६ र समग्र मानक विचलन १२.४२ रहेको

छ । छात्रा विद्यार्थीहरूले वाक्यगठन क्षमतामा प्राप्त गरेको मध्यमान समग्र मध्यमानभन्दा १.८ ले कम देखिएको छ । छात्र विद्यार्थीहरूको भन्दा छात्रा विद्यार्थीहरूको मध्यमान समग्र मध्यमानभन्दा बढी देखिएकाले छात्रभन्दा छात्राको वाक्यगठन क्षमता सन्तोषजनक देखिएको छ ।

मानक विचलनका आधारमा हेर्दा छात्र विद्यार्थीहरूको १३.८३ र छात्रा विद्यार्थीहरूको ११.०१ रहेको छ । जसको अन्तर २.८२ रहेको छ । समग्र मानक विचलनभन्दा छात्रा विद्यार्थीहरूको मानक विचलन १.४१ ले कमी छ भने छात्र विद्यार्थीहहरूको मानक विचलन समग्र मानक विचलनभन्दा १.४१ ले बढी देखिन्छ । यसबाट प्रष्ट हुन्छ की छात्र विद्यार्थीहरूको तुलनामा छात्राहरूको मानक विचलन कमी रहेको कारणले उनीहरूको वाक्यगठन क्षमतामा एकरूपता रहेको पाइन्छ ।

## सामुदायिक विद्यालयका विद्यार्थीको वाक्यगठन क्षमताको प्रतिशताङ्क

म्याग्दी जिल्लामा अवस्थित पाँचवटा सामुदायिक विद्यालयहरूमा कक्षा आठमा अध्ययनरत ५० जना विद्यार्थीहरूको समग्र वाक्यगठन क्षमताको प्रतिशताङ्कलाई निम्नानुसार स्पष्ट पारिएको छ :

तालिका सङ्ख्या ८, *सामुदायिक विद्यालयका विद्यार्थीको वाक्यगठन क्षमताको प्रतिशताङ्क*

| विद्यार्थी सङ्ख्या | ०-२५ सम्म | | २६-४० सम्म | | ४१-५५ सम्म | | ५६-७५ सम्म | | ७६ देखि माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ३ | ६ | ५ | १० | ८ | १६ | २३ | ४६ | ११ | २२ |


स्रोत : स्थलगत अध्ययन, २०७८ ।

प्रस्तुत तालिकामा म्याग्दी जिल्लाका पाँचवटा सामुदायिक विद्यालयमा कक्षा आठमा अध्ययनरत ५० जना विद्यार्थीहरूको वाक्यगठन क्षमताको तथ्याङ्क प्रस्तुत गरिएको छ । उनीहरूको वाक्यगठन क्षमताको अध्ययन गर्न पाँच श्रेणीमा वर्गीकरण गरिएको छ । जसमा छनौट गरिएका ५० जना विद्यार्थीहरूमध्येबाट ०-२५ सम्म ल्याउने विद्यार्थीहरूको सङ्ख्या ३ अथवा ६ प्रतिशत रहेको छ । त्यसैगरी २६ देखि ४० सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ५ जना अर्थात् १० प्रतिशत रहेको छ । ४१ देखि ५५ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ८ अथवा १६ प्रतिशत रहेको देखिन्छ । ५६ देखि ७५ सम्म अङ्क

प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २३ जना अर्थात् ४६ प्रतिशत रहेको देखिन्छ र ७६ भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ११ जना अर्थात् २२ प्रतिशत रहेको छ ।

प्रस्तुत तालिकाबाट सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको वाक्यगठन क्षमता बलियो रहेको देखिन्छ । यस तथ्यलाई तलको स्तम्भचित्रले अझ प्रष्ट पार्छ :

स्तम्भचित्र ९, *सामुदायिक विद्यालयका विद्यार्थीको वाक्यगठन क्षमताको प्रतिशताङ्क*




स्रोत : तालिका सङ्ख्या ८ ।

माथिको स्तम्भचित्रमा छनौटमा परेका ५० जना विद्यार्थीहरूमध्येबाट अतिन्यून अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ६ प्रतिशत, न्यूनतम अङ्क प्राप्त गर्ने विद्यार्थीहरू १० प्रतिशत, मध्यम अङ्क प्राप्त गर्ने विद्यार्थीहरू १६ प्रतिशत, उच्च अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ४६ प्रतिशत उच्चतम अङ्क प्राप्त गर्ने विद्यार्थीहरू २२ प्रतिशत रहेका छन् । यस तथ्याङ्कलाई हेर्दा उच्च अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको अधिकतम प्रतिशत रहेकाले उनीहरूको वाक्यगठन क्षमता सन्तोषजनक रहेको देखिन्छ ।

## मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमता तथ्याङ्क

म्याग्दी जिल्लामा अवस्थित पाँचवटा सामुदायिक विद्यालयहरूमा कक्षा आठमा अध्ययनरत ५० जना छात्र विद्यार्थीहरूको समग्र वाक्यगठन क्षमतालाई मध्यमान र मानक विचलनका आधारमा तालिका ९ मा निम्नानुसार स्पष्ट पारिएको छ :


तालिका सङ्ख्या ९, *मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमता तथ्याङ्क*

| विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ३६.६८ | १२.२४ | २७ | ५४ | २३ | ४६ |

स्रोत : स्थलगत अध्ययन, २०७८ ।

प्रस्तुत तालिकामा मध्यमान ३६.६८ रहेको छ भने मानक विचलन १२.२४ रहेको छ । तालिकाअनुसार मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २६ अर्थात् ५४ प्रतिशत रहेको छ । त्यसैगरी मध्यमानभन्दा तल अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २३ अर्थात् ४६ प्रतिशत रहेको छ । यसबाट सामुदायिक विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमता सबल रहेको देखिन्छ । मानक विचलन १२.२४ रहेकोले वाक्यगठन क्षमतामा एकरूपता देखिएको छैन । यस तथ्यलाई तलको स्तम्भचित्रले अझ प्रष्ट पार्छ :

स्तम्भचित्र १०, *मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमता तथ्याङ्क*




स्रोत : तालिका सङ्ख्या ९ ।

प्रस्तुत स्तम्भचित्रका आधारमा मध्यमान ३६.६८ र मानक विचलन १२.२४ रहेको देखिन्छ । मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ५४ प्रतिशत र मध्यमानभन्दा तल अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ४६ प्रतिशत रहेको देखिन्छ । यसबाट सामुदायिक विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमता सबल रहेको तर मानक विचलन १२.२४ रहेकोले वाक्यगठन क्षमतामा एकरूपता नभएको देखिन्छ ।

**संस्थागत विद्यालयका विद्यार्थीको वाक्यगठन क्षमताको प्रतिशताङ्क**

म्याग्दी जिल्लामा अवस्थित पाँचवटा संस्थागत विद्यालयहरूमा कक्षा आठमा अध्ययनरत ५० जना छात्र विद्यार्थीहरूको समग्र वाक्यगठन क्षमताको प्रतिशताङ्कलाई निम्नानुसार स्पष्ट पारिएको छ :

तालिका सङ्ख्या १०, *संस्थागत विद्यालयका विद्यार्थीको वाक्यगठन क्षमताको प्रतिशताङ्क*


| विद्यार्थी | ०-२५ सम्म | | २६-४० सम्म | | ४१-५५ सम्म | | ५६-७५ सम्म | | ७६ देखि माथि | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सङ्ख्या | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ५ | १० | ४ | ८ | १० | २० | २२ | ४४ | ९ | १८ |

स्रोत : स्थलगत अध्ययन, २०७८ ।

प्रस्तुत तालिकामा म्याग्दी जिल्लाका पाँचवटा संस्थागत विद्यालयमा कक्षा आठमा अध्ययनरत ५० जना विद्यार्थीहरूको वाक्यगठन क्षमताको तथ्याङ्क प्रस्तुत गरिएको छ । उनीहरूको वाक्यगठन क्षमताको अध्ययन गर्न पाँच श्रेणीमा वर्गीकरण गरिएको छ । ०-२५ अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ५ अथवा १० प्रतिशत रहेको छ । त्यसैगरी २६ देखि ४० सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ४ जना अर्थात् ८ प्रतिशत रहेको छ । ४१ देखि ५५ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १० अथवा २० प्रतिशत रहेको देखिन्छ । ५६ देखि ७५ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २२ जना अर्थात् ४४ प्रतिशत रहेको देखिन्छ भने अन्त्यमा ७६ भन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ९ जना अर्थात् १८ प्रतिशत रहेको छ ।

यस अध्ययनबाट संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको वाक्यगठन क्षमताको प्रतिशताङ्क तथ्याङ्कको आधारमा सन्तोषजनक रहेको देखिन्छ । यस तथ्यलाई तलको स्तम्भचित्रले अझ प्रष्ट पार्छ :

स्तम्भचित्र ११, *संस्थागत विद्यालयका विद्यार्थीको वाक्यगठन क्षमताको प्रतिशताङ्क*




स्रोत : तालिका सङ्ख्या १० ।

प्रस्तुत स्तम्भचित्रमा संस्थागत विद्यालयमा कक्षा आठमा अध्ययनरत ५० जना विद्यार्थीहरूको वाक्यगठन क्षमताको तथ्याङ्क प्रस्तुत गरिएको छ । अति न्यून अङ्क प्राप्त गर्ने विद्यार्थीहरू १० प्रतिशत, न्यूनतम अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ८ प्रतिशत, मध्यम अङ्क प्राप्त गर्ने विद्यार्थीहरू २० प्रतिशत, उच्च अङ्क प्राप्त गर्ने विद्यार्थीहरू ४४ प्रतिशत र उच्चतम अङ्क प्राप्त गर्ने विद्यार्थीहरू १८ प्रतिशत रहेको देखिन्छ । यसबाट संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको वाक्यगठन क्षमताको प्रतिशताङ्क तथ्याङ्कको आधारमा सन्तोषजनक रहेको देखिन्छ ।

## मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमता तथ्याङ्क

म्याग्दी जिल्लामा अवस्थित पाँचवटा संस्थागत विद्यालयहरूमा कक्षा आठमा अध्ययनरत ५० जना छात्र विद्यार्थीहरूको समग्र वाक्यगठन क्षमतालाई मध्यमान र मानक विचलनका आधारमा तालिका ११ मा निम्नानुसार स्पष्ट पारिएको छ :

तालिका सङ्ख्या ११, *मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमता तथ्याङ्क*


| विद्यार्थी सङ्ख्या | मध्यमान | मानक विचलन | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ३४.८४ | १२.९३ | २९ | ५८ | २१ | ४२ |

स्रोत : स्थलगत अध्ययन, २०७८ ।

प्रस्तुत तालिकाअनुसार कक्षा आठमा अध्ययनरत संस्थागत विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमताको मध्यमान ३४.८४ रहेको छ भने मानक विचलन १२.९३ रहेको छ । मध्यमानलाई आधार बनाएर हेर्दा मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या २९ अर्थात् ५८ प्रतिशत रहेको छ । त्यसैगरी मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या २१ अर्थात् ४२ प्रतिशत रहेको छ । यसरी मध्यमानभन्दा माथि र मध्यमानभन्दा तल अङ्क प्राप्त गर्ने अङ्क तथा प्रतिशतका आधारमा अध्ययन गर्दा मध्यमानभन्दा माथि सङ्ख्या धेरै देखिएको छ । यसबाट संस्थागत विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमता केही राम्रो देखिएको छ ।

प्रस्तुत तालिकामा समग्र मानक विचलन १२.९३ देखिएकोले संस्थागत विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमता सन्तोषजनक देखिएको छ । यस तथ्यलाई तलको स्तम्भचित्रले अझ प्रष्ट पार्छ :

स्तम्भचित्र १२, *मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमता तथ्याङ्क*




स्रोत : तालिका सङ्ख्या ११ ।

प्रस्तुत स्तम्भचित्रअनुसार कक्षा आठमा अध्ययनरत संस्थागत विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमताको मध्यमान ३४.८४ रहेको छ भने मानक विचलन १२.९३ रहेको छ । मध्यमानलाई आधार बनाएर हेर्दा मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थीहरू ५८ प्रतिशत र मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थीहरू ४२ प्रतिशत रहेको छ । यसरी मध्यमानभन्दा माथि र मध्यमानभन्दा तल अङ्क प्राप्त गर्ने अङ्क तथा प्रतिशतका

आधारमा अध्ययन गर्दा मध्यमानभन्दा माथि सङ्ख्या धेरै देखिएको छ । यसबाट संस्थागत विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमता केही राम्रो देखिएको छ ।

**विद्यालयका प्रकृतिका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलना**

म्याग्दी जिल्लामा अवस्थित पाँचवटा सामुदायिक विद्यालयहरूमा अध्ययनरत ५० जना विद्यार्थी र पाँचवटा संस्थागत विद्यालयहरूमा अध्ययनरत ५० जना विद्यार्थीहरूको वाक्यगठन क्षमतालाई तुलनात्मक रूपमा अध्ययन गर्दा प्राप्त तथ्याङ्कलाई निम्नानुसार स्पष्ट पारिएको छ :

तालिका सङ्ख्या १२, *विद्यालयका प्रकृतिका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलना*

| समूह | विद्यार्थी सङ्ख्या | मध्यमान | समग्र मध्यमान | मानक विचलन | समग्र मानक | मध्यमानभन्दा माथि | | मध्यमानभन्दा तल | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामुदायिक | ५० | ३६.६८ | ३५.७६ | १२.२४ | १२.६२ | २७ | ५४ | २३ | ४६ |
| संस्थागत | ५० | ३४.८४ | | १२.६३ | | २९ | ५८ | २१ | ४२ |


स्रोत : स्थलगत अध्ययन, २०७८ ।

प्रस्तुत तालिकामा विद्यालयको प्रकृतिको आधारमा म्याग्दी जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलना देखाइएको छ । विद्यालयको प्रकृतिको आधारमा सामुदायिक र संस्थागत विद्यालयका ५०/५० जना विद्यार्थीहरूलाई छनोट गरी वाक्यगठन क्षमताको तुलना गर्नको लागि प्रतितिधि विद्यार्थीहरूको छनोट गरिएको छ । समग्र मध्यमान ३५.७६ रहेको छ भने समग्र मानक विचलन १२.६२ रहेको छ । सामुदायिकक विद्यालयका विद्यार्थीहरूको मध्यमान ३६.६८ रहेको छ भने संस्थागत विद्यालयका विद्यालयका विद्यार्थीहरूको मध्यमान ३४.८४ रहेको छ । त्यसैगरी सामुदायिक विद्यालयका विद्यार्थीहरूको मानक विचलन १२.२४ रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको मानक विचलन १२.६३ रहेको छ । समग्र मध्यमानभन्दा विद्यालयका विद्यार्थीहरूको मध्यमान ०.९२ माथि रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान ०.९२ प्रतिशत तल रहेको छ । यस अध्ययनलाई आधार बनाएर तुलना गर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमताभन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमता राम्रो रहेको देखिन्छ । सामुदायिक विद्यालयका

विद्यार्थीहरूको वाक्यगठन क्षमता मध्यमानभन्दा माथि सङ्ख्या २७ अथवा ५४ प्रतिशत र मध्यमानभन्दा तल सङ्ख्या २३ अथवा ४६ प्रतिशत रहेको छ । त्यसैगरी संस्थागत विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमता मध्यमानभन्दा माथि सङ्ख्या २९ अर्थात् ५८ प्रतिशत र मध्यमानभन्दा तल सङ्ख्या २१ अर्थात् ४२ प्रतिशत रहेको छ। यस अध्ययनबाट संस्थागत विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमता कमजोर र सामुदायिक विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमता राम्रो रहेको देखिन्छ ।


मानक विचलनलाई आधार बनाउँदा संस्थागत विद्यालयका विद्यार्थीहरूको मानक विचलन १२.६२ रहेको छ भने सामुदायिक विद्यालयका विद्यार्थीहरूको मानक विचलन १२.२४ रहेको छ। यसरी संस्थागत विद्यालयका विद्यार्थीहरूको मानक विचलन र सामुदायिक विद्यालयका विद्यार्थीहरूको मानक विचलनको अन्तर ०.६९ रहेको छ। समग्र मानक विचलनभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको मानक विचलन ०.३१ ले बढी रहेको छ भने समग्र मानक विचलनभन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मानक विचलन ०.३८ ले कम देखिन्छ। यसबाट प्रष्ट हुन्छ कि संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमतामा एकरूपता भएको पाइएको छ। यस तथ्यलाई तलको स्तम्भचित्रले अझ प्रष्ट पार्छ :

स्तम्भचित्र १३, *विद्यालयका प्रकृतिका आधारमा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलना*




स्रोत : तालिका सङ्ख्या ११ ।

स्तम्भचित्र १४, *विद्यालयका प्रकृतिका आधारमा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलना*




स्रोत : तालिका सङ्ख्या १२ ।

उपर्लिखित स्तम्भचित्र १३ र १४ का अनुसार संस्थागत विद्यालयका विद्यार्थीहरूको मानक विचलन १२.६२ रहेको छ भने सामुदायिक विद्यालयका विद्यार्थीहरूको मानक विचलन १२.२४ रहेको छ । यसरी संस्थागत विद्यालयका विद्यार्थीहरूको मानक विचलन र सामुदायिक विद्यालयका विद्यार्थीहरूको मानक विचलनको अन्तर ०.६९ रहेको छ । समग्र मानक विचलनभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको मानक विचलन ०.३१ ले बढी रहेको छ भने समग्र मानक विचलनभन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मानक विचलन ०.३८ ले कम देखिन्छ । यसबाट प्रष्ट हुन्छ कि संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमतामा एकरूपता भएको पाइएको छ ।

## सारांश

प्रस्तुत अध्यायमा म्याग्दी जिल्लामा रहेका पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयका दसदसजनाका दरले सयजना विद्यार्थीहरूलाई नमुना प्रतिनिधिको रूपमा छनोट गरिएको छ । वाक्यगठन क्षमताको परीक्षणका लागि विद्यार्थीहरूलाई दिइएको 'वातावरण प्रदूषण' शीर्षकमा लेख्न लगाइ उनीहरूबाट प्राप्त उत्तरबाट प्राप्त गरेका अङ्कलाई मुख्य

आधार बनाइएको छ । उक्त अध्ययनलाई तथ्यपरक र विश्वसनीय बनाउन परीक्षणबाट प्राप्त तथ्याङ्कलाई तालिकीकरण गरी प्रतिशत, मध्यमान र मानक विचलनजस्ता तथ्याङ्कशास्त्रीय विधिलाई उपयोग गरिएको छ । यसका साथै प्राप्त तथ्याङ्कको तालिकालाई व्याख्या गरी स्तम्भचित्रबाट समेत स्पष्ट पारिएको छ ।

यस अध्यायमा म्याग्दी जिल्लाका पाँचपाँचवटा सामुदायिक र संस्थागत विद्यालयमा कक्षा आठमा अध्ययन गर्ने विद्यार्थीहरूको वाक्यगठन क्षमतालाई विभिन्न तथ्याङ्कहरूलाई तालिकीकरण, व्याख्या र स्तम्भचित्रद्वारा स्पष्ट पारिएको छ । मानक विचलनका आधारमा हेर्दा छात्र विद्यार्थीहरूको तुलनामा छात्राहरूको मानक विचलन कमी रहेको कारणले उनीहरूको वाक्यगठन क्षमतामा एकरूपता रहेको पाइन्छ । सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको वाक्यगठन क्षमतामा एकरूपता नभए तापनि संस्थागत विद्यालयका विद्यार्थीहरूको तुलनामा बलियो रहेको देखिन्छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूको पठनबोध क्षमता पनि सन्तोषजनक नै रहेको देखिन्छ । मध्यमान र मानक विचलनका आधारमा हेर्दा प्रस्तुत तालिकाम समग्र मानक विचलन १२.९३ देखिएकोले संस्थागत विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमता सन्तोषजनक देखिएको छ । मानक विचलनको आधारमा हेदा संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमतामा एकरूपता भएको पाइएको छ ।

# अध्याय पाँच

## सारांश, निष्कर्ष र उपयोगिता

प्रस्तुत शोधकार्यको यस अध्यायमा यसअघिका अध्यायहरूको सारांश, निष्कर्ष र उपयोगिता प्रस्तुत गरिएको छ ।

**सारांश**

प्रस्तुत *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन* शीर्षकको शोधपत्रको पहिलो अध्यायमा शोधपरिचयअन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याकथन, शोधकार्यको उद्देश्य, शोधको सान्दर्भिकता र उपयोगिता, शोधकार्यको परिसीमा, शोधपत्रको रूपरेखा समावेश गरिएको छ । अध्याय दुईमा पूर्वकार्यको समीक्षा र सैद्धान्तिक परिचयअन्तर्गत पूर्वकार्यको समीक्षा र सैद्धान्तिक परिचय राखिएको छ । पूर्वकार्यको समीक्षामा पुस्तक समीक्षा र शोधसमीक्षा गरिएको छ भने सैद्धान्तिक परिचयमा वाक्यगठनको परिचय र वाक्यगठनका पक्षहरू समावेश गरिएको छ । अध्याय तीनमा शोधविधि र प्रक्रिया मूल शीर्षकअन्तर्गत शोधविधि शीर्षक राखिएको छ । जसअन्तर्गत पुस्तकालयीय अध्ययन र क्षेत्रीय अध्ययन विधि राखिएको छ । शोध प्रक्रियाअन्तर्गत जनसङ्ख्या तथा प्रतिनिधि नमुना छनोट राखिएको छ । सामग्री सङ्कलनका स्रोतहरूअन्तर्गत प्राथमिक स्रोत, द्वितीयक स्रोत राखिएको छ । सामग्री निर्माण, तथ्याङ्क, विश्लेषण र प्रस्तुतीकरण समावेश गरिएको छ । अध्याय चारमा समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययनअन्तर्गत लैङ्गिकताका आधारमा र विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलना प्रस्तुत गरिएको छ । अध्याय पाँचमा सारांश, निष्कर्ष र उपयोगितता प्रस्तुत गरिएको छ । उपयोगिताअन्तर्गत नीतिगत तह र प्रयोगगत तह समावेश गरिएको छ ।

**निष्कर्ष**

म्याग्दी जिल्लामा अवस्थित पाँचवटा सामुदायिक र पाँचवटा संस्थागत विद्यालयमा अध्ययनरत एक सयजना विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन गर्ने क्रममा विद्यार्थीको लैङ्गिकता र विद्यालयको प्रकृतिलाई आधार मानी उनीहरूलाई “वातावरण प्रदुषण” शीर्षकको लेख लेख्न लगाई प्रतिशताङ्क, मध्यमान र मानक विचलनको आधारमा तथ्याङ्क सङ्कलन गरिएको थियो । यसको लागि नमुना छनोटमा परेका कुल विद्यार्थीहरूको प्राप्ताङ्कलाई पाँच श्रेणीको रूपमा विभाजन गरिएको छ । समग्र विद्यार्थीहरूको वाक्यगठन

क्षमताको अध्ययन गर्दा अति उच्च अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २० अथवा २० प्रतिशत रहेको देखिन्छ भने अति न्यूनतम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ८ अर्थात् ८ प्रतिशत रहेको देखिन्छ । यसरी समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको प्रतिशताङ्क तालिका अध्ययन गर्दा उच्च अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या धेरै रहेकाले समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमता सबल रहेको देखिन्छ । मध्यमान र मानक विचलनका आधारमा समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन गर्दा मध्यमानभन्दा माथि र मध्यमानभन्दा तल वाक्यगठन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्याको अन्तर ४ प्रतिशत रहेको छ । यसबाट कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमता राम्रो रहेको देखिन्छ ।

लैङ्गिक आधारमा छात्र तथा छात्रा विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन गर्दा सबैभन्दा कम अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या १ जना अर्थात् २ प्रतिशत रहेको छ भने सबैभन्दा बढी अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ११ अर्थात् २२ प्रतिशत रहेको छ । यस अध्ययनबाट छात्रा विद्यार्थीहरूको वाक्यगठन क्षमताको प्रतिशताङ्क तालिका अध्ययन गर्दा राम्रो अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या धेरै रहेकाले समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमता सबल रहेको देखिन्छ । मध्यमान र मानक विचलनका आधारमा छात्रा विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन गर्दा मानक विचलन ११.०१ देखिनुको अर्थ कक्षा आठमा अध्ययन गर्ने छात्रा विद्यार्थीहरूको वाक्यगठन क्षमतामा एकरूपता पाइएको छ । छात्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन गर्दा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने छात्रहरूको सङ्ख्या ९ जना अर्थात् १८ प्रतिशत र सबैभन्दा कम अङ्क प्राप्त गर्ने छात्र विद्यार्थीहरूको सङ्ख्या ७ अर्थात् १४ प्रतिशत रहेकाले छात्र विद्यार्थीहरूको वाक्यगठन क्षमता मध्यम रहेको देखिन्छ । मध्यमान र मानक विचलनका आधारमा छात्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन गर्दा मानक विचलन १३.८३ देखिएको छ । यसले कक्षा आठमा अध्ययनरत छात्र विद्यार्थीहरूको वाक्यगठन क्षमता सन्तोषजनक नै रहेको पाइएको छ । लैङ्गिक आधारमा समग्र विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन गर्दा मानक विचलनका आधारमा हेर्दा छात्र विद्यार्थीहरूको १३.८३ र छात्रा विद्यार्थीहरूको ११.०१ रहेको छ । जसको अन्तर २.८२ रहेको छ । समग्र मानक विचलनभन्दा छात्रा विद्यार्थीहरूको मानक विचलन १.४१ ले कमी छ भने छात्र विद्यार्थीहरूको मानक विचलन समग्र मानक विचलनभन्दा १.४१ ले बढी देखिन्छ । यसबाट

प्रष्ट हुन्छ की छात्र विद्यार्थीहरूको तुलनामा छात्राहरूको मानक विचलन कमी रहेको कारणले उनीहरूको वाक्यगठन क्षमतामा एकरूपता रहेको पाइन्छ ।

सामुदायिक विद्यालयका विद्यार्थीको वाक्यगठन क्षमताको प्रतिशताङ्क अध्ययन गर्दा सबैभन्दा कम प्राप्ताङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ३ अथवा ६ प्रतिशत रहेको छ । त्यसैगरी उच्च स्तरको प्राप्ताङ्क अर्थात् ५६ देखि ७५ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २३ जना अर्थात् ४६ प्रतिशत रहेको देखिन्छ यसबाट प्रष्ट हुन्छ कि सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको वाक्यगठन क्षमता राम्रो रहेको छ । मध्यमान र मानक विचलनका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन गर्दा मध्यमान ३६.६८ रहेको छ भने मानक विचलन १२.२४ रहेको छ । मध्यमानभन्दा माथि अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २६ अर्थात् ५४ प्रतिशत रहेको छ । त्यसैगरी मध्यमानभन्दा तल अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २३ अर्थात् ४६ प्रतिशत रहेको छ । यसबाट सामुदायिक विद्यालयका विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमता सबल रहेको देखिन्छ ।

संस्थागत विद्यालयका विद्यार्थीको वाक्यगठन क्षमताको अध्ययन गर्दा ०-२५ अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या ५ अथवा १० प्रतिशत रहेको छ । त्यसैगरी ५६ देखि ७५ सम्म अङ्क प्राप्त गर्ने विद्यार्थीहरूको सङ्ख्या २२ जना अर्थात् ४४ प्रतिशत रहेको देखिन्छ । यसबाट संस्थागत विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूको वाक्यगठन क्षमताको प्रतिशताङ्क तथ्याङ्कको आधारमा सन्तोषजनक रहेको देखिन्छ । मध्यमान र मानक विचलनका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन गर्दा समग्र मानक विचलन १२.९३ देखिएकोले संस्थागत विद्यालयका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमता सन्तोषजनक देखिएको छ । विद्यालयका प्रकृतिका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमताको तुलनालाई हेर्ने क्रममा मानक विचलनलाई आधार बनाउँदा संस्थागत विद्यालयका विद्यार्थीहरूको मानक विचलन १२.६२ रहेको छ भने सामुदायिक विद्यालयका विद्यार्थीहरूको मानक विचलन १२.२४ रहेको छ । यसरी संस्थागत विद्यालयका विद्यार्थीहरूको मानक विचलन र सामुदायिक विद्यालयका विद्यार्थीहरूको मानक विचलनको अन्तर ०.६९ रहेको छ । समग्र मानक विचलनभन्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको मानक विचलन ०.३१ ले बढी रहेको छ भने समग्र मानक विचलनभन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको मानक विचलन ०.३८ ले कम

देखिन्छ । यसबाट प्रष्ट हुन्छ कि संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयका विद्यार्थीहरूको वाक्यगठन क्षमतामा एकरूपता तथा राम्रो भएको पाइएको छ ।

यसरी वाक्यगठनका विभिन्न पक्षहरूसँग सम्बन्धित विभिन्न प्रकारका प्रश्नहरूको आधारमा विश्लेषण गर्दा वाच्यमा विद्यार्थीहरूको वाक्यगठन क्षमता कमजोर रहेको देखियो भने वचनमा वाक्यगठन क्षमता राम्रो रहेको देखियो । त्यसैगरी काल, आदर, पुरुषमा वाक्यगठन क्षमता मध्यम रहेको देखियो । समग्र र मध्यमानका आधारमा विद्यार्थीहरूको वाक्यगठन क्षमता विश्लेषण गर्दा मध्यम रहेको पाइयो ।

## उपयोगिता

कुनै पनि शोधकर्ताले जुनकुनै विषयमा शोध अध्ययन गरिसकेपछि शोधकर्ता निष्कर्षमा पुग्दछ । यसले नीतिगत तह तथा प्रयोगात्मक तहमा आवश्यक परिवर्तन गर्नका लागि मार्गनिर्देश गर्दछ । यस अध्ययनले सरोकारवालाहरूलाई पठनबोधमा हुने समस्याको समाधानका लागि विषय विशेषज्ञ, विषय शिक्षक पाठ्यपुस्तक, शिक्षक निर्देशिका, तालिम पुस्तिका लगायत नेपाली विषयगत पाठ्यक्रम निर्मातालाई आवश्यक रणनीति निर्माण गर्न सहयोग गर्दछ । यसैले *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन* शीर्षकमा गरिएको शोध अध्ययन र विश्लेषणबाट प्राप्त निष्कर्षका आधारमा नीतिगत तह र प्रयोगगत तह गरी दुई भागमा वर्गीकरण गरिन निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

## नीतिगत तह

यस अध्ययनले आधारभूत तहमा भाषापाठ्यपुस्तक निर्माणकर्तालाई उक्त पाठ्यपुस्तकमा प्रयोग गरिएको वाक्यगठनको छनोट र स्तरमा सहयोग मिल्नेछ । कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूले वाक्यगठनमा गर्ने त्रुटिहरूको पहिचान गरी शिक्षकलाई अगाडि बढ्न प्रस्तुत अध्ययनले मार्गनिर्देशन गर्ने छ । यस अध्ययनबाट पाठ्यपुस्तक तथा सन्दर्भ सामग्री निर्माणकर्तालाई वाक्यगठन प्रयोगसम्बन्धी अभ्यासहरू समावेश गर्नेतर्फ सचेत गराउनेछ । भावी दिनहरूमा वाक्यगठनसम्बन्धी अध्ययन अनुसन्धान अनुसन्धानका लागि मार्गनिर्देशन गर्ने छ । मूल्याङ्कनकर्तालाई मूल्याङ्कनका निम्ति तयार पारिने प्रश्नपत्र वाक्यगठन प्रयोगसँग सम्बन्धित गरी तयार गर्न अध्ययन उपयोगी हुने छ । यस अध्ययनले निकालेको निष्कर्षका आधारमा कक्षा आठका विद्यार्थीहरूको वाक्यगठन प्रयोग क्षमता

अनुगमन गर्न उपयोगी हुने छ । शोधकर्ता, समालोचक, लेखक, शिक्षक, विद्यार्थी आदि सबैलाई वाक्यगठनसम्बन्धी जानकारी प्राप्त गर्न प्रस्तुत शोध उपयोगी हुने छ ।

**प्रयोगगत तह**

शिक्षकलाई पेसागत रूपमा सक्षम बनाई विद्यार्थीलाई पृष्ठपोषण दिन, विद्यार्थीहरूको स्तर क्षमता आवश्यकताअनुसार विषयवस्तु, शिक्षण सामग्री र शिक्षण विधि छनोट गर्न प्रस्तुत अध्ययन उपयोगी देखिन्छ । वाक्यगठनसम्बन्धी समस्या पहिचान गर्न र तिनको निराकरण गर्न । विद्यार्थीहरूलाई वाक्यगठनसम्बन्धी आधारभूत सीप ग्रहण गर्न सहयोगी हुने छ ।

## सन्दर्भसामग्री सूची

अधिकारी, निर्मला (२०७३), 'कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

अधिकारी, मायानाथ (२०७३), 'कक्षा छमा अध्ययनरत गुरूङभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

अधिकारी, हेमाङ्गराज (२०६७) *नेपाली भाषा शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज (२०७१) *समसामयिक नेपाली व्याकरण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खनाल, नारायणी (२०७३) 'कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

गौतम, देवीप्रसाद र प्रेमप्रसाद चौलागाई (२०७०), *भाषाविज्ञान,* काठमाडौं : पाठ्य सामग्री पसल ।

थापा मगर, अस्मिता (२०७३), 'ललितपुर जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

धिताल, दुर्गाकुमारी (२०७१), 'बर्दिया जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा विभाग, त्रि.वि. कीर्तिपुर ।

न्यौपाने, टङ्कप्रसाद र अन्य (२०७०), *भाषाविज्ञानका प्रमुख सिद्धान्त,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

प्रधान, इन्दिरा (२०७३), 'भोजपुर जिल्लाका कक्षा चारमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

पौडेल, माधवप्रसाद (२०७०), *नेपाली भाषा शिक्षण,* काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि. ।

बन्धु, चूडामणि (२०७०), *अनुसन्धान तथा प्रतिवेदन लेखन,* काठमाडौं : रत्न पुस्तक भण्डार ।

बराल, कृष्णहरि र नेत्र एटम (२०६६), *नेपाली कथा र उपन्यास,* काठमाडौँ : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेसन ।

भट्टराई, रामप्रसाद (२०७०), *भाषिक अनुसन्धान विधि परिचय र प्रयोग,* काठमाडौं : शुभकामना प्रकाशन प्रा. लि. ।

भट्टराई, डी. पी. र ढुङ्गेल, डिल्ली राम (२०७३), *माध्यमिक नेपाली व्याकरण र अभिव्यक्ति,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

यादव, योगेन्द्रप्रसाद र रेग्मी, भीमनारायण (२०५९), *भाषाविज्ञान,* कीर्तिपुर : न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

रावल, हिक्मत (२०७३), 'अछाम जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीले वाक्यगठनमा गर्ने त्रुटिको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

रोकाय, नरबहादुर (२०७३), 'बझाङ जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा विभाग, त्रि.वि. कीर्तिपुर ।

विष्ट, कर्णबहादुर (२०७३), 'अछाम जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.कीर्तिपुर ।

शर्मा, रेशम (२०७३), 'कपिलवस्तु जिल्लाका थारूभाषी विद्यार्थीहरूले स्तरीय नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

## परिशिष्ट एक

## नमुना छनोटका लागि तय गरिएका विद्यालयहरू

| क्र. सं | विद्यालयको नाम र ठेगाना | विद्यालयको प्रकृति | छात्र सङ्ख्या | छात्रा सङ्ख्या | जम्मा |
|---|---|---|---|---|---|
| १ | श्री किसानी मा.वि., ध.गा.पा.-७ | सामुदायिक | ५ | ५ | १० |
| २ | श्री हेम माध्यमिक विद्यालय, ध.गा.पा.-७ | सामुदायिक | ५ | ५ | १० |
| ३ | श्री वृद्धि विकास मा.वि., ध.गा.पा.-४ | सामुदायिक | ५ | ५ | १० |
| ४ | श्री भुमे आधारभूत विद्यालय, ध.गा.पा.-७ | सामुदायिक | ५ | ५ | १० |
| ५ | श्री धनजनता माध्यमिक विद्यालय, ध.गा.पा.-३ | सामुदायिक | ५ | ५ | १० |
| ६ | श्री दरबाङ्ग बोर्डिङ्ग स्कुल, मालिका गा.पा.-६ | संस्थागत | ५ | ५ | १० |
| ७ | श्री केबि इङ्लिस बोर्डिङ्ग स्कुल, मालिका गा.पा.-६ | संस्थागत | ५ | ५ | १० |
| ८ | श्री डनिङ इङ्लिस बोर्डिङ्ग स्कुल, मङ्गला गा.पा.-२ | संस्थागत | ५ | ५ | १० |
| ९ | श्री मालिका जनहित बोर्डिङ स्कुल, मालिका गा.पा.-६ | संस्थागत | ५ | ५ | १० |
| १० | श्री म्याग्दी एकेडेमी, बेनी न.पा.-४, सिङ्गा, म्याग्दी | संस्थागत | ५ | ५ | १० |
| | | जम्मा | ५० | ५० | १०० |

## परिशिष्ट दुई

### *कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको वाक्यगठन क्षमताको अध्ययन* शीर्षकको शोधपत्र तयारीका लागि निर्माण गरिएको प्रश्नावली

कक्षा : ८ समय : २ घण्टा पूर्णाङ्क : ६०

विषय : अनिवार्य नेपाली विद्यार्थीका नाम................................

विद्यालयको नाम र ठेगाना :....................................

**१. कोष्ठकमा दिइएको निर्देशनअनुसार वाक्य परिवर्तन गर्नुहोस् ।** **(७)**

क) भाइ रुन्छ । (स्त्रीलिङ्ग)

उत्तर : ....................................................

ख) छात्रा प्रथम हुन्छे । (पुलिङ्ग)

उत्तर : .......................................................

ग) फुपाजु बजार जानुभयो । (स्त्रीलिङ्ग)

उत्तर : ..........................................................

घ) काकी सिर्जनशील हुनुहुन्थ्यो । (पुलिङ्ग)

उत्तर : .......................................................

ङ) उनी भोलि घर जान्छिन । (पुलिङ्ग)

उत्तर : ..........................................................

च) भिनाजुले मलाई हुम्लाबाट फोन गर्नुभयो । (स्त्रीलिङ्ग)

उत्तर : ........................................................

**२. कोष्ठकमा दिइएको निर्देशनअनुसार वाक्य परिवर्तन गर्नुहोस् ।** **(७)**

क) भाइ कार्यालयमा काम गर्छ । (बहुवचन)

उत्तर : ........................................................

ख) हामी भक्तपुरबाट आउँछौँ । (एकवचन)

उत्तर : ..........................................................

ग) पोखरामा सुन्दर ताल छ । (बहुवचन)

उत्तर : .............................................................

घ) हामी कविता लेख्छौँ । (एकवचन)

उत्तर : .................................................

ङ) उमेशका दाजु असल थिए (एकवचन)

उत्तर : ...................................................

च) छोराहरू बजार जान्छन् । (एकवचन)

उत्तर : ....................................................

**३. कोष्ठकमा दिइएको निर्देशनअनुसार वाक्य परिवर्तन गर्नुहोस् ।** **(७)**

क) उनीहरू सधैँ नेपाली किताब पढ्छन् । (प्रथम पुरुष)

उत्तर : ...................................................................

ख) उसले यहाँ सबै कुरा भन्यो । (द्वितीय पुरुष)

उत्तर :.....................................................................

ग) म घरमै पढ्थे । (तृतीय पुरुष)

उत्तर :......................................................................

घ) तिनीहरू जात्रामा रमाए । (प्रथम पुरुष)

उत्तर :...........................................................

ङ) ऊ परीक्षामा अनुत्तीर्ण भएछ । (द्वितीय पुरुष)

उत्तर :............................................................

च) म तिमीलाई नै दिन्छु । (तृतीय पुरुष)

उत्तर :.......................................................

छ) उनीहरू उपन्यास लेख्छन् । (द्वितीय पुरुष)

उत्तर :.......................................................

**४. कोष्ठकमा दिइएको निर्देशनअनुसार वाक्य परिवर्तन गर्नुहोस् ।** **(७)**

क) तँ घर जा । (उच्च आदर)

उत्तर............................................

ख) ऊ सरासर मन्दिरतिर गयो । (मध्यम आदर)

उत्तर :..........................................................

ग) ऊ तबला बजाउँछ । (उच्च आदर)

उत्तर :..............................................................

घ) तँ यता नआइज । (मध्यम आदर)

उत्तर :...............................................................

ङ) तपाईंले ठूलो उन्नति गर्नुभयो । (सामान्य आदर)

उत्तर : ............................................................

च) तिमी विद्यालय जान्छौ । (उच्च आदर)

उत्तर :...........................................................

**५. कोष्ठकमा दिइएको निर्देशनअनुसार खाली ठाउँ भर्नुहोस् :** **(७)**

क) सुमन बिहान चाँडै ............................................... । (उठ् : सामान्य वर्तमान)

ख) रमा वनभोजमा ....................................................। (नाच् : सामान्य भूत)

ग) किसानले साग .......................................................। (रोप् : सामान्य भविष्यत्)

घ) दीपा गायन प्रतियोगितामा प्रथम ..................................। (हु : समान्य भविष्यत)

ङ) नेपालीहरू मिलेर ........................................................। (बस् : समान्य भूत)

च) सपनाले सधैँ गृहकार्य............................................... । (गर् : सामान्य वर्तमान)

छ) सिर्जन घर ................................................................। (जा : सामान्य भूत)

**६. कोष्ठकमा दिइएको निर्देशनअनुसार खाली ठाउँ भर्नुहोस् :** **(७)**

क) कोपिलाले धेरै मिहिनेत ..........................................। (गर् : पूर्ण वर्तमान)

ख) महेश ग्रन्थचित्र हेर्छ । (अपूर्ण भविष्यत्)

उत्तर :.......................................................................

ग) सरोज राम्रो चित्र बनाउँछ । (अभ्यस्त भूत)

उत्तर :........................................................................

घ) सलिनाले राम्रो वृत्तचित्र...........................................। (ल्याउ : अज्ञात भूत)

ङ) सरिताले पौवाचित्र हेरी । (अपूर्ण वर्तमान)

उत्तर :..................................................................................

च) उनीहरूले सङ्ग्रहालयमा चित्रहरू हेरेछन् । (पूर्ण भविष्यत)

उत्तर :..................................................................................

छ) तिमीहरूले राम्रो काम गर । (पूर्ण भूत)

उत्तर :..................................................................................

**७. कोष्ठकमा दिइएको निर्देशनअनुसार खाली ठाउँ भर्नुहोस् :** **(७)**

क) मैले परीक्षा ..............................................। (दि : सम्भावनार्थ)

ख) म लुगा ....................................................। (लगाउ : सामान्यार्थ)

ग) तँ घरमा .....................................................। (बस : आज्ञार्थ)

घ) उनीहरू कविता ..............................................। (घोक् : इच्छार्थक)

ङ) आज आनी ....................................................। (पर् : सम्भावनार्थ)

च) तिमी पढ्छौ भने पास .........................................। (हु : सङ्केतार्थक)

छ) म असल व्यक्ति ...................................................। (बन् : इच्छार्थ)

**८. कोष्ठकमा दिइएको निर्देशनका आधारमा वाच्य परिवर्तन गर्नुहोस् :** **७**

क) म कथा लेख्छु । (कर्मवाच्य)

उत्तर : .............................................................

ख) रमा हाँस्छिन् । (भाववाच्य)

उत्तर :...............................................................

ग) मैले कथा पढेँ । (कर्मवाच्य)

उत्तरः................................................................

घ) भाइद्वारा भात खाइन्छ । (कर्तृवाच्य)

उत्तर :...............................................................

ङ) राम सुत्यो । (भाववाच्य)

उत्तर : ..............................................................

च) रमाद्वारा हाँसिन्छ । (कर्तृवाच्य)

उत्तर :..........................................................

छ) म त घर जान्छु । (भाववाच्य)

उत्तर : ..............................................................

९) 'वातावरण प्रदूषण' शीर्षकमा एक सय पचास शब्दमा नघटाई एउटा प्रबन्ध लेख । ४

उत्तर

'वातावरण प्रदूषण'

..................................................................................................................

..................................................................................................................

..................................................................................................................

..................................................................................................................

..................................................................................................................

..................................................................................................................

..................................................................................................................

..................................................................................................................

..................................................................................................................

..................................................................................................................

..................................................................................................................



# व्यक्तिवृत्त

| | | |
|---|---|---|
| नाम | : | संगिता देवी शर्मा |
| ठेगाना | : | कालिका-६, चितवन |
| बाबुको नाम | : | माधव पौडेल |
| आमाको नाम | : | राधा पौडेल |
| पतिको नाम | : | कुलराज आचार्य |
| मातृभाषा | : | नेपाली |
| राष्ट्रियता | : | नेपाली |
| रूचि | : | अध्ययन, भ्रमण |
| धर्म | : | हिन्दु |
| सम्पर्क नं. | : | ९८४९१४५८४० |

शैक्षिक योग्यता

| क्र.सं. | तह | शिक्षण संस्था | उत्तीर्ण साल |
|---|---|---|---|
| १ | स्नातकोत्तर | सप्तगण्डकी बहुमुखी क्याम्पस, भरतपुर, चितवन | अध्ययनरत |
| २ | स्नातक | पर्वत बहुमुखी क्याम्पस, देवीस्थान-६, पर्वत | २०६७ |
| ३ | प्रवीणता प्रमाणपत्र तह | पर्वत बहुमुखी क्याम्पस, देवीस्थान-६, पर्वत | २०६४ |
| ४ | प्रवेशिका | जनता माध्यमिक विद्यालय, देवीस्थान-६, पर्वत | २०६० |